# मन्त्रालयगत प्रगति विवरण

## आर्थिक वर्ष २०७७/७८


कर्णाली प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत


२०७८

# मन्त्रालयगत प्रगति विवरण

कर्णाली प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

२०७८

# कर्णाली प्रदेश सरकार

फोन नं.: ०८३-५२२५७०
फ्याक्स नं.: ०८३-५२५६३६

**मा. गोपाल शर्मा**
**मन्त्री**
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल


पत्र-संख्या :
चलानी नम्बर :

## मन्तव्य

अन्तर-सरकारी वित्त व्यवस्थापन सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन, २०७४ मा प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेशसभाको बैठकमा प्रत्येक वर्ष असार १ गते राजश्व र व्ययको वार्षिक अनुमानसँगै चालु आर्थिक वर्षको प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र त्यसको प्रगति विवरण प्रदेश सभामा पेश गर्नुपर्ने प्रावधान अनुसार आर्थिक वर्ष २०७७/७८ को चैत्र मसान्तसम्मको सम्बन्धित मन्त्रालयहरुबाट प्राप्त विवरणहरुका आधारमा मन्त्रालयगत प्रगति विवरण तयार गरिएको छ । स्थानीय तहबाट भएको खर्चको विवरण सम्बन्धित तहबाट सम्बन्धित सभामा जानकारी गराउनुपर्ने कानूनी व्यवस्था रहेकोले ती खर्चको विवरण यसमा समावेश गरिएको छैन।

प्रगति विवरणको समग्र अवस्थालाई नियाल्दा यस आर्थिक वर्षकोबजेट कार्यन्वयनमा पनि अपेक्षित सुधार हुन सकेको छैन । नयाँ-नयाँ रुपमा देखा पर्दै गएको कोभिड-१९ महामारी, संघ र प्रदेशमा विकसित भएका राजनैतिक घटनाक्रमको प्रभाव तथा संस्थागत क्षमता र सक्रियताको कमिले अपेक्षित उपलब्धि हुन नसकेको हो । बजेट खर्चका हिसाबले आर्थिक परिसूचकहरुमा अपेक्षित प्रगति नदेखिएता पनि महामारीबाट नागरिकको जीवन रक्षा गर्ने र आर्थिक सामाजिक क्रियाकलापको गतिलाई निरन्तरता दिने कार्यलाई सकारात्मक रुपमा लिनुपर्दछ ।

चालु आर्थिक वर्षमा अनुभूत गरिएका कमिकमजोरी हटाउँदै आगामी दिनमा चालु खर्चलाई निश्चित सिमामा राख्ने र पूँजीगत खर्चलाई अपेक्षित र परिणाममुखी बनाउँदै अर्थतन्त्रलाई गति दिनु पर्नेछ । साथै वित्तीय पारदर्शिता, जवाफदेहिता र आर्थिक अनुशासन कायम गर्न वार्षिक बजेटमा नै विनियोजन र खर्च मापदण्ड कायम गरी सार्वजनिक खर्चमा प्रभावकारिता कायम गर्न सबैको चासो हुन आवश्यक छ । महामारीबाट नागरिकको जीवन सुरक्षित गर्दै **समृद्ध कर्णाली सुखारी कर्णालीबासी**को दीर्घकालीन सोच हासिल गर्ने दिशामा प्रदेश सरकारका समग्र गतिविधि केन्द्रित रहनेछन् ।

अन्तमा, यो प्रगति प्रतिवेदन तयार गर्ने कार्यमा सहयोग गर्नुहुने मन्त्रालयका सचिव लगायत सबै कर्मचारीहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

गोपाल शर्मा
**मा.गोपाल शर्मा**
मन्त्री
**मन्त्री**
आर्थिक मामिला तथा योजना मन्त्रालय
२०७८ जेठ


इमेलः *moeap6@gmail.com* वेवसाइटः *www.moeap.karnali.gov.np*

कर्णाली प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र-संख्या :
चलानी नम्बर :

## प्रकाशकीय

मुलुक संघीय संरचनामा रुपान्तरण भैसकेपश्चात स्थापना भएको कर्णाली प्रदेश सरकारले संविधान, ऐन, नियम तथा कानुनले दिएको अधिकार क्षेत्रभित्र रही विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्य सम्पादन गर्ने गरेको छ । प्रदेश सरकारको क्षमता विकास गरी विकास निर्माणका कार्यलाई थप प्रभावकारी बनाउन कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को दफा ३२ बमोजिम बजेट साथ प्रदेश सभामा पेश गर्न मन्त्रालय तथा अन्तर्गतका निकायहरुलाई निकासा भएको बजेट, खर्च तथा खर्च अनुसारको लक्ष्य र प्रगति पेश गर्नुपर्ने कानुनी व्यवस्था बमोजिम यो विवरण तयार पारिएको हो ।

प्रस्तुत प्रगति विवरणमा आर्थिक वर्ष २०७६/७७ को कुल विनियोजित बजेट, यथार्थ खर्च विवरण, चालु आर्थिक वर्ष २०७७/७८ को मन्त्रालयगत रुपमा विनियोजित बजेट तथा चैत्र महिनासम्मको खर्चको अवस्थाको बारेमा जानकारी समेटिएको छ । कर्णाली प्रदेश सरकारद्वारा निर्धारित प्राथमिकता, आवधिक योजना, वार्षिक बजेट तथा कार्यक्रम बीच सन्तुलन कायम गर्दै कोभिड-१९ को महामारीको विकराल अवस्थामा पनि सुरक्षित साथ विकास निर्माणका कार्यहरुलाई आगाडि बढाउनु चुनौतीका रुपमा रहँदारहँदै पनि समग्रमा आ.व.२०७६/७७ को विनियोजित बजेटको ४७ प्रतिशत खर्च हुनु र चालु आ.व.को तेश्रो चौमासिकको शुरुवाती चरणसम्ममा उल्लेखनीय खर्च हुन नसकेतापनि हाल विकास निर्माणका कार्यक्रमहरु स्वत-स्फुर्त रुपमा सञ्चालन भईराखेका कारण चालु आ.व.को अन्त्यसम्म प्रगतिमा सुधारको अपेक्षा गरेको छु । यस प्रगति विवरणको प्रकाशन बाट कर्णाली प्रदेशस्थित सम्पूर्ण नागरिक सु-सूचित हुन, विभिन्न अनुसन्धानकर्ताहरुलाई सहयोग पुग्ने र कर्णालीको विकासप्रति चासो राख्ने विकासप्रेमी पाठकहरुलाई सूचना प्रदान गरी सुशासन प्रवर्द्धन गर्न मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, प्रगति विवरण पठाई सहयोग गरिदिने सम्पूर्ण मन्त्रालयहरु, विवरण संकलन गरी प्रगति विवरणको मस्यौदा तयारीमा संलग्न सम्पूर्ण कर्मचारीहरु, यस सम्बन्धमा राय, सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने सम्बद्ध सबैलाई हार्दिक धन्यबाद व्यक्त गर्न चाहन्छु ।

चक्र बहादुर बुढा
सचिव
आर्थिक मामिला तथा योजना मन्त्रालय
२०७८ जेठ

टेलिफोन नम्बर: ०८३-५२१३७१, ५२२५४०, ५२५६३६ फ्याक्स नम्बर: ०८३-५२५६३६ इमेल: *moeap6@gmail.com*

# विषय-सूची


| क्र.सं. | मन्त्रालयको नाम | पृष्ठ संख्या |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ७ |
| ३. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १५ |
| ४. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २४ |
| ५. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४० |
| ६. | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | ५० |
| ७ | सामाजिक विकास मन्त्रालय | ६७ |
| ८ | अनुसूचीहरु | ७९-८० |
| | अनुसूची-१: विभिन्न मन्त्रालयहरुको आ.व. २०७६।७७ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरण | ७९ |
| | अनुसूची-२: आ. व. २०७७/७८ मा विनियोजित बजेट र चैत्र महिना सम्मको खर्चको विवरण | ८० |

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## १. पृष्ठभूमिः

नेपालको संविधान बमोजिम संघीयता कार्यान्वयनसँगै प्रदेश सरकारको सर्वोच्च प्रशासकीय निकायको रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ । वि.सं. २०७४ साल फागुन ३ गते प्रदेश मन्त्रिपरिषद्को गठन भएसँगै यस कार्यालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को प्रशासकीय निकायको रुपमा कार्य गर्दै आएको छ। प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने संवैधानिक जिम्मेवारी पूरा गर्न यस कार्यालयको स्थापना भएको हो।

यस कार्यालयको प्रदेश मन्त्रिपरिषद्, प्रदेश निजामती तथा अन्य सरकारी सेवा, सुशासन, मानव अधिकार, प्रदेश सरकारका निकायहरु बीच समन्वय, निर्देशन र सुपरीवेक्षण, अन्तर-सरकार समन्वय लगायतका कार्यजिम्मेवारी रहेको छ।

## २. दीर्घकालीन सोंचः

स्वच्छ, सक्षम, जवाफदेही र सुशासनयुक्त प्रशासन र शासन।

## ३. ध्येयः

प्रदेश शासकीय र प्रशासकीय सक्षमता तथा जवाफदेहीता मार्फत सार्वजनिक सेवामा प्रभावकारिता ल्याउने।

## ४. रणनीतिक उद्देश्यहरुः

- प्रदेश सरकार मन्त्रिपरिषद्का निर्णयहरुलाई तथ्यपरक एवं नतिजामूलक बनाउनु,
- प्रदेश सरकारका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु,
- प्रदेशको प्रशासनयन्त्रलाई विश्वसनीय, परिणाममुखी, उत्तरदायी र सक्षम बनाउनुका साथै प्रदेशका संरचना र जनशक्तिको व्यवस्थित परिचालन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु,
- सदाचारिता प्रवर्द्धन, प्रभावकारी कानूनी व्यवस्था एवं शुन्य सहनशीलता मार्फत भ्रष्टाचार नियन्त्रण गर्नु,
- प्रदेशको समृद्धिका निमित्त बढी प्रतिफलदायी विकास नीति, योजना, कार्यक्रम र आयोजना तर्जुमा हुने वातावरण सिर्जना गर्नु,

- विकास निर्माण कार्यलाई समन्वयात्मक रुपमा र अनुगमन तथा मूल्याङ्कन प्रणालीको प्रभावकारिता मार्फत नतिजामूलक बनाउनु।

## ५. कार्यक्षेत्रः

प्रदेश मुख्यमन्त्रीको कार्यालय, प्रदेश मन्त्रिपरिषद्, प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन, सञ्चार, भ्रष्टाचार नियन्त्रण र संघ र स्थानीय तहसँगको सम्पर्क र समन्वय ।

## ६. आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरुको २०७७ चैत्र मसान्तसम्मको प्रगति विवरणः

| सि.नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| १ | मुख्यमन्त्री रोजगार कार्यक्रमको माध्यमबाट कृषि र उद्योग क्षेत्रका युवा उद्यमीको विकास गरी स्वरोजगार सृजना गरिनेछ। | कर्णाली प्रदेशका ७१८ वटै वडाहरुबाट रोजगारी सृजना गर्नुका साथसाथै स्थानीयस्तरको पूर्वाधार विकास हुनेगरी आयोजनाहरु छनौट गरी बजेट बाँडफाँट भई कार्यान्वयन को क्रममा रहेको। |
| २ | अशक्त, जोखिममा परेको सीमान्तकृत क्षेत्र वर्ग र समुदायको लागि खाना, नाना, छाना कार्यक्रममा बजेट विनियोजन गरिएको छ। | कर्णालीका सबै स्थानीय तहहरुमा मुख्यमन्त्री जिविकोपार्जन कार्यक्रम सञ्चालनको लागि बजेट विनियोजन भई हाल सबै उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय/कार्यालय मार्फत कार्यान्वयन भइरहेको छ। |
| ३ | शहीद, लोकतान्त्रिक आन्दोलनका घाइते तथा द्वन्द्व पीडित परिवारका सदस्यलाई स्वरोजगार बनाइनेछ। | जनयुद्ध, जनआन्दोलन तथा प्रदेश प्राप्ति आन्दोलनका बेपत्ता, घाइते, अपाङ्ग तथा पीडित परिवारहरुलाई जिविकोपार्जन कार्यक्रमका लागि प्रत्येक प्रदेश निर्वाचन क्षेत्रमा रु २ करोडका दरले बजेट बाँडफाँट भई कार्यान्वयनको लागि पठाइएको छ। |
| ४ | नागरिकको सुसूचित हुने संवैधानिक हकको संरक्षण र प्रवर्द्धन गर्ने। | कार्यालयका महत्वपूर्ण सूचना, मन्त्रिपरिषद् बैठकका निर्णयहरु, कार्यक्रमगत सूचनाहरु तथा निर्माण भएका ऐन कानूनहरु कार्यालयको वेवसाइटमा नियमित अद्यावधिक गरिएको छ। |
| ५ | पिछडिएका तथा सीमान्तकृत वर्ग लक्षित विशेष कार्यक्रम मार्फत जिविकोपार्जन तथा आयआर्जन वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। | राउटे, बादी, राजी जस्ता लोपोन्मुख तथा पिछडिएका जातजातिहरुको जिविकोपार्जन कार्यक्रममा रु. ५ करोड विनियोजन गरी कार्यक्रम कार्यान्वयनको लागि सामाजिक विकास मन्त्रालयमा पठाइएको छ। |

## ७. आर्थिक वर्ष २०७७/७८ को चैत्र मसान्तसम्मको सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

- **हाम्मा कुडा हाम्मा मुख्यमन्त्री** कार्यक्रम अन्तर्गत माननीय मुख्यमन्त्रीज्यूबाट कालिकोट, जुम्ला, हुम्ला र मुगु जिल्लाका नागरिकहरुको स्थलगत रुपमा गुनासो सुनुवाई गरी सम्बोधन गरिएको छ। यसलाई थप व्यवस्थित गर्न मोवाइल एप र वेवसाइट सञ्चालनमा आएको छ।
- कर्णाली प्रदेश सरकार स्थापनाको तेस्रो वार्षिकोत्सव समारोह सम्पन्न भएको छ। सोही अवसरमा प्रदेश सरकारले स्थापनादेखि हालसम्म गरेका प्रमुख उपलब्धिहरु समेटेर प्रमुख उपलब्धि विवरण पुस्तिका प्रकाशन गरिएको छ।
- स्थानीय तह तथा प्रदेश पदाधिकारी तथा स्थानीय तथा प्रदेश सेवाका कर्मचारीको सम्पत्ति विवरणलाई व्यवस्थित तुल्याइएको छ।
- प्रदेश लोक सेवा आयोग गठन तथा आयोगको कार्यालय स्थापना भई प्रदेश तथा स्थानीय तहको रिक्त दरवन्दीमा पदपूर्तिको लागि आवश्यक तयारी भइरहेको छ।
- कर्मचारी अभिलेख व्यवस्थापन तथा प्रदेश कितावखाना सञ्चालनको लागि कर्मचारी अभिलेख व्यवस्थापन कार्यविधि निर्माण भएको छ।
- कर्मचारीहरुको अभिलेखलाई व्यवस्थित तथा सरुवा, काज, विदा आदि कार्यलाई थप व्यवस्थित बनाउने उद्देश्यले कर्मचारी अभिलेख सफट्वेर सञ्चालनमा आई अभिलेख प्राप्ति र विवरण प्रविष्टि कार्य सुचारु भएको छ।
- कर्णाली प्रदेश अन्तर्गतका १० जिल्ला ७९ स्थानीय तहका ७१८ वटा वडाहरुको लागि जनसंख्या, गरिवी, भौगोलिक विकटताका आधारमा रकम विनियोजन गरी जिल्लास्थित विषयगत कार्यालय र केही स्थानीय तहहरुमा कार्यान्वयनको अख्तियारी दिइसकिएको र कार्यक्रम कार्यान्वयनको चरणमा रहेको छ।
- **कर्णाली उज्यालो कार्यक्रम** अन्तर्गत विभिन्न स्थानीय तहमा जलविद्युत तथा सौर्य ऊर्जाको विकास र विस्तारका लागि रु २५ करोड ५० लाख विनियोजन गरी विभिन्न स्थानीय तह र पूर्वाधार विकास निर्देशनालय/कार्यालय मार्फत कार्यक्रम कार्यान्वयनको लागि अख्तियारी दिइएको छ।
- मुख्यमन्त्री रोजगार कार्यक्रममा विनियोजित रकम मध्येबाट प्रत्येक प्रदेश निर्वाचन क्षेत्रको लागि रु १ करोडका दरले जम्मा रु २४ करोड मुख्यमन्त्री दलित आयआर्जन (रोजगारी) प्रवर्द्धन कार्यक्रममा बजेट विनियोजन भई सम्बन्धित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय/कार्यालय मार्फत कार्यान्वयनको लागि पठाइएको छ।

## ८. आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

चालु खर्च (रु हजारमा)

| ब.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | कुल बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००११३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४८९८३६ | ७७९९२.६६७ | १५.९२ |
| ब.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | कुल बजेट | खर्च | प्रतिशत |
| ३०१०००११४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २७४३० | ८४१८.५५५ | ३१ |

## ९. आर्थिक वर्ष २०७७/७८ को विनियोजित बजेट र चैत्र मसान्त सम्मको खर्चको प्रगति अवस्थाः

चालु खर्च (रु हजारमा)

| ब.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | कुल बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००११३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ११२१०० | ४८१२५.०२५ | ४३ |

पूँजीगत खर्च (रु हजारमा)

| ब.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | कुल बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००११४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १३३५० | १००७.८४२ | ८ |

## १०. मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित विषयको लक्ष्य र प्रगतिः

| क्र.सं. | विवरण | विनियोजित बजेट | खर्च भएको रकम | हालसम्मको कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | मुख्यमन्त्री रोजगार कार्यक्रम | ३ अर्व ८० करोड | - | रकम बाँडफाँट भइ कार्यान्वयनको चरणमा रहेको | यस कार्यालयबाट रकम बाँडफाँट भई कर्णाली प्रदेश योजना आयोग मार्फत आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिसको लागि लेखि पठाइएको छ। |

| क्र. सं. | विवरण | विनियोजित बजेट | खर्च भएको रकम | हालसम्मको कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| २ | एकीकृत बस्ती विकास कार्यक्रम | २५ करोड | २५ करोड | रकम बाँडफाँट भई कार्यान्वयनको चरणमा रहेको। | |
| ३ | कर्णाली उज्यालो कार्यक्रम | २५ करोड | २५ करोड ५० लाख | रकम बाँडफाँट भई कार्यान्वयनको चरणमा रहेको | रु. ५० लाख मु.म.रो.का. बाट रकमान्तर गरिएको। |
| ४ | मुख्यमन्त्री दलित आयआर्जन (रोजगारी) प्रवद्धन कार्यक्रम | मुख्यमन्त्री रोजगार कार्यक्रमबाट | २४ करोड | रकम बाँडफाँट भई कार्यान्वयनको चरणमा रहेको | |
| ५ | मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रम | २० करोड | १९ करोड ८७ लाख | रकम बाँडफाँट भइ कार्यान्वयनको चरणमा रहेको | |
| ६ | राउटे, बादी, राजी जस्ता लोपोन्मुख तथा पिछडिएका जातजातीहरुको जिविकोपार्जन कार्यक्रम | मुख्यमन्त्री रोजगार कार्यक्रमबाट | ५ करोड | रकम बाँडफाँट भइ कार्यान्वयनको चरणमा रहेको | |
| ७ | जनयुद्ध जनआन्दोलन तथा प्रदेश स्थापनाका घाइते अपाङ्ग तथा पीडित परिवारहरुलाई जिविकोपार्जन कार्यक्रम | मुख्यमन्त्री रोजगार कार्यक्रमबाट | २० करोड | रकम बाँडफाँट भई कार्यान्वयनको चरणमा रहेको | |

## ११. मन्त्रालयबाट उठान भइ स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड आदिः

| क्र.सं. | मन्त्रालयद्वारा उठान भएका कार्यविधि |
|---|---|
| १. | कर्णाली प्रदेश सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ |
| २. | प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी मापदण्ड तथा कार्यविधि, २०७७ |
| ३. | मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ |
| ४. | प्रदेश निजामती कर्मचारीको सरुवा तथा काज सम्बन्धी मापदण्ड, २०७७ |

| क्र.सं. | मन्त्रालयद्वारा उठान भएका कार्यविधि |
|---|---|
| ५. | एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ |
| ६. | मुख्यमन्त्री जिविकोपार्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ |
| ७. | मुख्यमन्त्री दलित आयआर्जन रोजगारी प्रवर्द्धन कार्यविधि, २०७७ |

| क्र.सं. | मन्त्रालयबाट उठान भएका निर्देशिका |
|---|---|
| १ | कर्णाली प्रदेश विशेष कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ |
| २ | व्यवस्थापन परीक्षण निर्देशिका, २०७७ |

## १२. विद्यमान जनशक्तीको अवस्थाः

स्वीकृत दरवन्दी : ६३

पदपूर्ति दरवन्दी : ५५

रिक्त दरवन्दी : १२

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## १. पृष्ठभूमिः

२०७४ माघ २४ गते प्रदेश सरकारको स्थापना सँगसँगै आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना भएको हो । यस मन्त्रालयको मुख्य जिम्मेवारी आर्थिक मामिला र योजना गरी दुईवटा प्रमुख विषयहरु रहेका छन् । यसै सन्दर्भमा वार्षिक बजेट तर्जुमा गर्ने, आर्थिक नीति तथा सोको लागि आवश्यक स्रोतको व्यवस्था गर्ने, आर्थिक तथा वित्तीय अनुशासन कायम राख्दै सार्वजनिक खर्चलाई प्रभावकारी बनाउने र स्रोत परिचालन भरपर्दो र दिगो बनाउने उद्देश्यका साथ मन्त्रालयले आफूलाई तोकिएको जिम्मेवारी अनुसारका कार्यहरु गर्दै आएको छ ।

संघीयताको अभ्यासको प्रारम्भिक चरणमा नयाँ-नयाँ सिकाई तथा अनुभव, नीतिगत कानूनी अन्यौल, समन्वयको उपयुक्त संयन्त्रको अभाव र जनशक्तिको अभाव लगायतका समस्याहरुसँग जुध्दै प्रदेश स्थापनाको तीन वर्षको छोटो अवधिमा नै कानूनी र संरचनात्मक ठोस आधारहरु खडा भएका छन् । आगामी दिनमा नेपाल सरकारबाट निर्धारण भएका समृद्धिका ११ र सुखका २३ गन्तव्य सूचकको आधारमा आफ्नै मौलिक विशेषता तथा नागरिकको अपेक्षा बमोजिम "समृद्ध कर्णाली, सुखारी कर्णालीबासी" को दीर्घकालीन सोच बमोजिम प्रदेशको समृद्धि र सन्तुलित विकासमा मन्त्रालयले महत्वपूर्ण भूमिका निर्वाह गर्ने रणनीति लिएको छ।

## २. दीर्घकालीन सोचः

समृद्ध कर्णाली सुखारी कर्णालीबासीको सपना साकार पार्ने।

## ३. ध्येयः

प्रदेशको सर्वाङ्गीण विकासको लागि आर्थिक नीति तथा योजना तर्जुमा गरी आवश्यक साधन स्रोतको व्यवस्था सहित वित्तीय अनुशासन कायम गर्दै प्रदेशवासीको समृद्धिको चाहना पूरा गर्ने ।

## ४. रणनीतिक उद्देश्यहरुः

१. सार्वजनिक पूँजीगत खर्च बिस्तार गर्ने,
२. आन्तरिक स्रोत परिचालन प्रभावकारी बनाउने,

३. अनुदान तथा सहायताको उच्चतम् सदुपयोग गर्ने,
४. वित्तीय अनुशासन कायम गर्ने,
५. सम्भावित आर्थिक क्षेत्रको पहिचान र परिचालन गर्ने ,
६. विकासको लागि निजी क्षेत्र लगायतको लगानी आकर्षण गर्ने,
७. सहकार्य र समन्वयलाई प्रभावकारी बनाउने ।

## ५. कार्यक्षेत्रः

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहाय बमोजिम रहेका छन्-

| सि.नं. | कार्यजिम्मेवारी |
|---|---|
| १ | प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन |
| ३ | प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन |
| ४ | संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन |
| ५ | प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लागत तथा असुल उपर |
| ६ | प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन |
| ७ | राष्ट्रिय तथा अन्तर प्रदेश विकास योजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग |
| ८ | प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन |
| ९ | प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान |
| १० | संघीय नीति अनुरुप सह-वित्तीयकरण |
| ११ | प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वयन र नियमन |
| १२ | प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन |
| १३ | प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवं व्यवस्थापन |
| १४ | प्रदेश पूरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी |
| १५ | प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन |
| १६ | प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण |

| सि.नं. | कार्यजिम्मेवारी |
|---|---|
| १७ | घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि तथा आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन |
| १८ | संघीय कानुन अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण |
| १९ | राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २० | संघसँगको अन्तर सरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य |
| २१ | तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानुन, मापदण्ड एवं योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य |
| २२ | बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन |
| २३ | प्रदेश स्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन |
| २४ | आर्थिक विकासमा निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको समन्वय र सहकार्य |

## ६. आ.व. २०७७/७८ को बजेट बक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमहरुको २०७७ चैत्र मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| १९१ | वित्तीय समानीकरण अनुदानतर्फ रु. ८० करोड स्थानीय तहमा हस्तान्तरण गर्ने । | हस्तान्तरण भएको । |
| १९२ | स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रमका लागि सशर्त अनुदानतर्फ रु. ६६ करोड हस्तान्तरण गर्ने । | हस्तान्तरण भएको । |
| १९३ | समपूरक अनुदान अन्तर्गत रु. १ अर्ब ५ करोड ८० लाख स्थानीय तहमा हस्तान्तरण गर्ने । | हस्तान्तरण भएको । |
| १९४ | सामाजिक र आर्थिक परिसूचकहरुमा राष्ट्रिय औषतभन्दा पछाडि परेका क्षेत्रको उत्थान र विकासको लागि स्थानीय तह मार्फत कार्यक्रम सञ्चालनको लागि विशेष अनुदान अन्तर्गत रु. ३५ करोड २५ लाख रकम हस्तान्तरण गर्ने । | हस्तान्तरण भएको । |
| १९५ | प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्यमा विकास गतिविधि सञ्चालन गर्न वित्तीय हस्तान्तरणमार्फत स्थानीय तहलाई रु. २ अर्ब ९९ करोड ६५ लाख उपलब्ध गराउने। | हस्तान्तरण भएको । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| १९७ | सुर्खेत विमानस्थलको स्तरोन्नती र प्रदेशको समृद्धिका लागि उच्च प्रतिफल हुने जलविद्युत आयोजना लगानीका लागि वित्तीय व्यवस्थातर्फ रु. ७५ करोड विनियोजन गरिएको । | सुर्खेत विमानस्थल स्तरोन्नतीका लागि नेपाल सरकारसँग समझदारी पत्रमा हस्ताक्षर गरिएको। |
| १९८ | प्रदेश सरकारको प्राथमिकता प्राप्त कार्यक्रम र आयोजनामा मात्र संघीय सरकारको समन्वयमा वैदेशिक सहायता परिचालन गर्ने । | वैदेशिक सहायता परिचालनका लागि नेपाल सरकारसँग समन्वय र सहकार्य भइरहेको । |
| २०५ | आवधिक योजनाको प्राथमिकतामा आधारित परियोजना बैंक तयार गरिनेछ । प्रदेशमा विकासको सन्तुलन र मध्यमकालीन खर्च संरचनामा आधारित भई बजेटको विनियोजन गर्ने । क्षेत्रगत् प्राथमिकतामा आधारित सम्बन्धित मन्त्रालयले तयार गरेको आयोजनाहरुको सूचीका आधारमा सम्भाव्यता अध्ययन गरी आवश्यकता र प्राथमिकताका आधारमा मापदण्ड बनाई कार्यान्वयन गर्दै जाने। | परियोजना बैंक स्थापनाका लागि आयोजनाहरु छनौट गरि परियोजना बैंक सफ्टवेयर निर्माणकालागि राष्ट्रिय योजना आयोगसंग समन्वय भइरहेको । |
| २०६ | कर्णाली प्रदेश समन्वय परिषद्, कर्णाली विकास परिषद् लगायतको संरचनाहरुलाई थप सक्रिय बनाउँदै संघ, प्रदेश र स्थानीय तहको जनप्रतिनिधिसँग समन्वय र सहकार्यमा योजना तर्जुमा कार्यान्वयन गर्ने प्रणालीको विकास गर्ने । | समन्वय परिषद् र विकास परिषद्को बैठक बसी प्राप्त सुझावहरुलाई कार्यान्वयन गरिएको । |

## ७. आर्थिक वर्ष २०७७/७८ को चैत्र मसान्तसम्ममा सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

- सबै मन्त्रालय तथा निकायहरुलाई बजेट कार्यान्वयनको लागि मार्गदर्शन तथा अख्तियारी प्रदान गरिएको,
- अदालतमा परेका रिट निवेदनको आधारमा अदालतबाट आदेश भएअनुसार संगठन सर्वेक्षण अनुसारको कार्यालय र दरबन्दी बमोजिम चालु आ.व.को बजेट व्यवस्थापन गरिएको,
- कर्णाली प्रदेश विकास परिषद्को दोश्रो बैठक भर्चुअल माध्यमबाट सम्पन्न गरिएको,
- विभिन्न विकास साझेदारहरुसँग बजेट तथा कार्यक्रमसँग सम्बन्धित छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको,
- कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७७ परिमार्जन सहित तर्जुमा गरिएको,

- आर्थिक तथा वित्तीय उत्तरदायित्व ऐनको मस्यौदा तर्जुमा गरि स्वीकृतिका लागि पेश गरिएको ।
- सुर्खेत विमानस्थलको विकास, बिस्तार र स्तरोन्नतिका लागि कर्णाली प्रदेश सरकार र नेपाल नागरिक उड्डयन प्राधिकरणका बीच भएको समझदारी पत्र प्रदेश सरकार मन्त्रिपरिषदबाट अनुमोदन भएको,
- प्रदेश लेखा नियन्त्रक कार्यालयको कार्यालय भवन शिलान्यास भई निर्माणको चरणमा रहेको,
- बहु-क्षेत्रीय पोषण कार्यक्रमका लागि स्थानीय तहसँग समन्वय गरिएको,
- भौतिक उपस्थितिमा कर्णाली प्रदेशका पाँच जिल्ला (डोल्पा, मुगु, कालिकोट, जुम्ला, दैलेख) बजेट तथा कार्यक्रम तर्जुमासँग सम्बन्धित सुझाव संकलन कार्य सम्पन्न गरिएको तथा बाँकी जिल्लाहरुका प्रतिनिधिसँग भर्चुअल माध्ययमबाट सुझाव संकलन कार्य सम्पन्न गरिएको,
- प्रदेश गौरवका आयोजनाहरुको छनौट सम्बन्धी मापदण्डको मस्यौदा तयार गरिएको,
- ६५ वटा आयोजनाहरुलाई बहुबर्षीय आयोजनाको रुपमा स्वीकृति प्रदान गरिएको,
- आयोजना बैंक स्थापनाका लागि आयोजनाहरु छनौट गरी आयोजना बैंक सफ्टवेयर निर्माणको चरणमा रहेको,
- वित्तीय हस्तान्तरणतर्फ समपूरक अनुदानमा रु. १ अर्ब ५ करोड ८० लाखका आयोजना तथा कार्यक्रम छनौट गरी स्थानीय तहमा हस्तान्तरण गरिएको, त्यसैगरी विशेष अनुदानतर्फ रु. ३५ करोड २५ लाख र सशर्त अनुदानतर्फ रु. ७८ करोड ६० लाखका आयोजना तथा कार्यक्रमहरु छनौट गरी हस्तान्तरण गरिएको,
- प्रदेश लेखा नियन्त्रक कार्यालयबाट बजेट तथा कार्यक्रम कार्यान्वयन, प्रदेश संचित कोषको सञ्चालन र रकम निकासाका सम्बन्धमा अनुभव आदान-प्रदान गर्न अन्तर प्रदेश भ्रमण कार्यक्रम सम्पन्न गरिएको ।
- प्रत्येक जिल्लामा प्रदेश लेखा इकाई कार्यालय स्थापना गरी कार्यसञ्चालन भएको ।

## ८. आ.व. २०७७/७८ को चैत्र मसान्त सम्म प्रदेश सरकारलाई प्राप्त भएको राजस्वको विवरणः

| सि.नं. | खर्च शीर्षक | खर्च शीर्षकको नाम | रकम |
|---|---|---|---|
| १ | ११३१५ | बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६१०८८६६२ |
| २ | ११६११ | व्यवसायिले भुक्तानी गर्ने | २३७३३३७ |
| ३ | १४१५३ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | १२७०१८५९.६९ |
| ४ | १४१५४ | बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | १८७१३.३८ |

| सि.नं. | खर्च शीर्षक | खर्च शीर्षकको नाम | रकम |
|---|---|---|---|
| ५ | १४१५६ | बाँडफाँट भई प्राप्त हुने विद्युत सम्बन्धी रोयल्टी | १६४१५२.५ |
| ६ | १४१५७ | बाँडफाँट भई प्राप्त हुने दहत्तर बहत्तरको विक्रीबाट प्राप्त हुने आय | १८२९७१२ |
| ७ | १४१५८ | बाँडफाँट भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | २९६७४२.३९ |
| ८ | १४१९१ | पर्यटन शुल्क | ३००० |
| ९ | १४२११ | कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | २३६६२७ |
| १० | १४२१२ | सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त रकम | १९५६१७ |
| ११ | १४२१३ | अन्यविक्रीबाट प्राप्त रकम | २००६० |
| १२ | १४२१९ | अन्यसेवा शुल्क तथा विक्री | ३२०० |
| १३ | १४२२३ | शिक्षाक्षेत्रको आम्दानी | ३८९५१० |
| १४ | १४२२४ | परीक्षा शुल्क | १३६३०० |
| १५ | १४२२५ | यातायात क्षेत्रको आम्दानी | ६४३३६४८ |
| १६ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १८३००४२८ |
| १७ | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २३९१२७५६ |
| १८ | १४२५४ | रेडियो/एफ.एम.सञ्चालन दस्तुर | ७००० |
| १९ | १४२५६ | चालक अनुमति पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर | २९८६७६६६ |
| २० | १४२६४ | वन क्षेत्रको अन्य आय | ७५२५०६० |
| २१ | १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | १६४०० |
| २२ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २४५५८१२ |
| २३ | १४५२९ | अन्य राजश्व | १३१०० |
| २४ | १५१११ | बेरुजु | १५५५७७३१.५१ |
| २५ | १५११२ | निकासा फिर्ता | ५७५४४८९३ |
| २६ | ३३३४१ | सवारी साधन कर | १२०७८९६९४ |
| २७ | ३३३६१ | वन क्षेत्रको रोयल्टी | २५४०३७६९ |
| **कुल जम्मा** | | | **३८७२८५४५०** |

## ९. आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा खर्चको यथार्थ अवस्थाः

| व.उ.शि.नं. | निकाय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ८३१७६१५०.०० | ३६४०६३९५.४१ | ४३.७७ |
| **जम्मा** | | ८३१७६१५०.०० | ३६४०६३९५.४१ | ४३.७७ |
| **व.उ.शि.नं.** | **निकाय** | **खुद बजेट** | **खर्च** | **प्रतिशत** |
| ३०५०००११३ | प्रदेश लेखा नियन्त्रक कार्यालय | १८००६०००.०० | १६५८६६१३.५२ | ९२.१२ |
| ३०५०००११४ | प्रदेश लेखा नियन्त्रक कार्यालय | १०१३२०००.०० | २५१६७२८.०० | २४.८४ |
| **जम्मा** | | **२८१३८०००** | **१९१०३३४२** | **६७.८९** |
| ३०५०१०१२३ | प्रदेश लेखा इकाई कार्यालयहरु | २०४३२८५०.०० | ११९९३६७०.०० | ५८.७० |
| ३०५०१०१२४ | प्रदेश लेखा इकाई कार्यालयहरु | ३१६५०००.०० | ३०४७५२२.५० | ९६.२९ |
| **जम्मा** | | **२३५९७८५०.००** | **१५०४११९३.००** | **६३.७४** |
| ३०५००११ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १४७५५२०००.०० | ७४२५४६६३.४३ | ५०.३२ |

## १०. आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा खर्चको चैत्र मसान्तसम्मको विवरणः

### चालु खर्च

| व.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | खुद वजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १२२०८४००० | ५८९१०५८४ | ४८.२५ |

### पुँजीगत खर्च

| व.उ.शि.नं. | मन्त्रालय/कार्यालय/ निकाय | खुद वजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १८०२६९००० | २५८१७९२४ | ४४.३४ |

## ११. मन्त्रालयबाट उठान भई स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड आदिः

| क्र.सं. | मन्त्रालयबाट उठान भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|
| १. | वित्तीय उत्तरदायित्व ऐन, २०७७ |
| २ | पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ |
| ३ | कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि (दोस्रो र तेस्रो संशोधन), २०७५ |
| ४ | कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि (पहिलो र दोस्रो संशोधन), २०७५ |
| ५ | कर्णाली प्रदेश विनियोजन ऐन, २०७६ कार्यान्वयन सहजताका लागि आदेश जारी गरिएको |
| ६ | जिल्ला समन्वय समिति अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि, २०७६ |
| ७ | प्रदेश गौरवका आयोजना सम्बन्धी मापदण्ड, २०७७ |
| ८ | वहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७७ |

## १०. विद्यमान जनशक्तिको अवस्थाः

- स्वीकृत दरबन्दीः ३८
- पदपूर्ति दरबन्दीः २२
- रिक्त दरबन्दीः १६

## ११. मन्त्रालयको सम्पर्क ठेगाना (Website, Email, Telephone, Fax No. आदि)

आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर नगरपालिका वडा नं ७ इत्राम, सुर्खेत
फोन नम्बर : ०८३-५२१३७१
इमेल : moeap6@gmail.com
वेभसाइट : http://moeap.karnali.gov.np/

# उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय

## १. पृष्ठभूमिः

प्रदेशलाई औद्योगिकरणतर्फ उन्मुख गराई औद्योगिक विकास गर्न आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्दै औद्योगिक क्षेत्रमा निजी, स्वदेशी, तथा बिदेशी लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधारको निर्माण गर्दै लैजाने, मौजुदा पूर्वाधारको उपयोग गर्ने, कच्चा पदार्थको प्रशोधन गरी निर्यातजन्य पदार्थको उत्पादन तथा निर्यात गर्ने, लघु, घरेलु, तथा साना उद्योगहरुको माध्यमबाट गरिबी न्यूनीकरण गरी प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउँदै, वाणिज्य क्षेत्रलाई सबल तुल्याउँदै आन्तरिक, अन्तर प्रादेशिक तथा बाह्य व्यापारको सहजीकरण, प्रवर्द्धन र नियमन गर्दै, कर्णाली प्रदेशमा रहेको मूर्त तथा अमूर्त साँस्कृतिक तथा धार्मिक र प्राकृतिक सम्पदाहरुको संरक्षण र विकास गर्दै प्रदेशको आर्थिक विकासको प्रमुख आधारको रुपमा रहेको पर्यटन क्षेत्रको माध्यमबाट रोजगारीको सृजना, आर्थिक क्रियाकलापमा वृद्धि र समग्र प्रादेशिक आर्थिक विकास र समुन्नतिमा टेवा पुर्याउँदै, वन, वातावरण तथा जलाधार क्षेत्रको संरक्षणको माध्यमबाट खेतीयोग्य भूमिको संरक्षण र उत्पादकत्वमा वृद्धि, पानीमुहान, बन्यजन्तु र जैविक विविधताको संरक्षण र वातावरणीय स्वच्छता कायम राख्दै स्रोतको दिगो उपयोग मार्फत अर्थतन्त्रमा योगदान पु्याउने लक्ष्यका साथ मिति २०७४/११/०३ गते यो मन्त्रालयको स्थापना भएको हो ।

## २. दीर्घकालिन सोच :

दिगो वन ब्यवस्थापन, उद्योग, उद्यमशीलता, पर्यटन र सन्तुलित पर्यावरण मार्फत प्रदेशको समृद्धि ।

## ३. ध्येय :

व्यवस्थित वन क्षेत्र, उद्योग, उद्यमशीलता, पर्यटनको विकास र सन्तुलित पर्यावरण मार्फत प्रदेशको आर्थिक, सामाजिक, साँस्कृतिक समृद्धिमा योगदान पु्याउने।

## ४. रणनीतिक उद्देश्यहरुः

- जनसहभागितामूलक तथा वैज्ञानिक व्यवस्थापन पद्धति अवलम्बन गर्दै वन, वन्यजन्तु तथा जैविक विविधताको दिगो संरक्षण तथा व्यवस्थापनबाट वन क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने ।

- सामुदायिक वन मार्फत वातावरणमैत्री हरित अर्थतन्त्र विकास गर्न उच्च मूल्य तथा बहुउपयोगी फलफूल, जडिबुटी र बोटबिरुवाहरू वृक्षारोपण अभियानकै रुपमा सञ्चालन गर्ने ।
- निजी तथा सहकारी क्षेत्रलाई वन विकास तथा बिस्तारमा संलग्न गराउँदै जडिबुटी, काठ तथा लघु घरेलु उद्यमहरूको प्रवर्द्धन, विविधीकरण र बजारीकरण गर्ने ।
- प्रदेशमा रहेका सबै ऐतिहासिक, धार्मिक, पुरातात्विक स्थल, भाषा, धर्म संस्कृतिको खोज, संरक्षण र सम्वर्द्धन गर्ने ।
- जलवायु परिवर्तनको नकारात्मक प्रभाव कम गर्न अनुकूलनका उपायहरू अवलम्वन गर्दै हिमाली क्षेत्रमा वन बुट्यान, बिऊ र बाली संरक्षणको विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- स्वच्छ वातावरण, जलाधार पुनरुत्थान, सार्वजनिक क्षेत्र सरसफाई गर्दै सार्वजनिक स्थल, नदी किनार, सडकछेउ, खोल्सा-खोल्सीमा बाँस, अम्रिसो, फलफुल लगायतका आयमूलक बहुउपयोगी बोट बिरूवा लगाई जैविक प्रविधि प्रयोगका सबै स्थानीय तहका केन्द्रहरूलाई हरित नगरको रुपमा विकसित गर्ने ।
- हवाई यातायातको सुविधाका लागि आवश्यक समन्वयात्मक कार्य गर्ने ।

## ५. कार्यक्षेत्र :

मन्त्रालयको कार्यक्षेत्र जिम्मेवारीहरु(प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४ वमोजिम) देहाय अनुसार रहेका छन् :

१. व्यापार वाणिज्य र बजार प्रतिष्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा,कार्यान्वयन एवं नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण ।

२. प्रादेशिक ब्यापार सम्वन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, वौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन ।

३. ढुवानी, परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन ।

४. नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता ।

५. व्यापारिक फर्महरूको दर्ता, नवीकरण, खारेजी र नियमन ।

६. खानी तथा खनिज पदार्थको अन्वेषण सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवं पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन अभिलेखाङ्कन, अन्वेषण, उत्खनन्, प्रादेशिक प्रयोगशालाको स्थापना तथा संचालन र संघसँग समन्वय ।

७. भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्शा सम्वन्धी ।

८. कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन ।
९. उद्योग दर्ता, अनुमति, नवीकरण एवं खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन ।
१०. प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जूमा र कार्यान्यन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना संचालन र बिस्तार।
११. औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन ।
१२. सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन ।
१३. उपभोक्ताहरुको अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन ।
१४. मुल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन ।
१५. संघीय मापदण्ड अनुसार स्टाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन ।
१६. उपभोक्ता अदालत गठन र संचालन ।
१७. अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तर प्रादेशिक र स्थानीय तहवीच समन्वय ।
१८. लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन ।
१९. करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यन्वयन र नियमन ।
२०. संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जूमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन ।
२१. दामासाहिमा परेका उद्योग, व्यावसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यन्वयन र नियमन ।
२२. प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन ।
२३. प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन ।
२४. संघीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी ।
२५. प्रदेश भित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यन्वयन र नियमन ।
२६. औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन ।

२७. उद्योगमा श्रममुलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग ।

२८. स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता ।

२९. प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन ।

३०. पर्यटक प्रहरी व्यवस्थापन ।

३१. पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, ¥याप्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन ।

३२. प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन ।

३३. वन्यजन्तु र वन पैदावार ओसार-पसार सम्बन्धी नियमन र अपराध नियन्त्रण ।

३४. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन ।

३५. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको ब्यवस्थापन ।

३६. हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन ।

३७. जडिबुटी खेती प्रविधि प्रवर्द्धन, बिस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन-अनुसन्धान तथा तथ्याङ्क संकलन ।

३८. वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह ।

३९. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग ।

४०. प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन ।

४१. प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभांश बाँडफाँट ।

४२. प्रदेशस्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीति, प्रविधि विकास, व्यवस्थापन ।

४३. प्रदेशभित्र भू–स्खलन नियन्त्रण ।

४४. प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन ।

४५. प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन ।

४६. प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना ।

४७. प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार ।
४८. प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, संचालन र व्यवस्थापन ।
४९. प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण ।
५०. प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन ।
५१. प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन।
५२. प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण ।
५३. भू-परिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गिकरण, संरक्षण र व्यवस्थापन ।
५४. संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण ।
५५. अन्तर प्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन ।
५६. बृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ वगैंचा स्थापना र व्यवस्थापन ।
५७. प्रदेशभित्र बृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।
५८. प्रदेशभित्र जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन ।
५९. बन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जूमा, कार्यान्वयन र नियमन ।
६०. प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा बिस्तार, सो सम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग ।
६१. वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास।
६२. विज्ञान संग्रहालय र प्लोटोरियमको स्थापना र संचालन र ब्यवस्थापन ।

## ६. आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तब्यमा उल्लेखित नीति तथा कार्यक्रमहरुको २०७८ बैशाख मसान्त सम्मको प्रगति विवरण :

| बुंदा नं. | वजेट वक्तब्यको संक्षिप्त व्यहोरा | वैशाख मसान्त सम्मको प्रगति |
|---|---|---|
| ५२ | कोभिड-१९ को महामारीबाट स्वदेश र विदेशमा रोजगारी गुमाएका तथा बेरोजगार युवालाई श्रममूलक रोजगारीको माध्यमबाट विकास क्रियाकलापसँगै रोजगारी सिर्जना गरिनेछ । | प्रत्येक जिल्लामा कोभिड-१९ विशेष रोजगारीमूलक तालिम संचालन भएको । |

| बुंदा नं. | वजेट वक्तब्यको संक्षिप्त व्यहोरा | वैशाख मसान्त सम्मको प्रगति |
|---|---|---|
| ७९ | प्रदेशभित्र लघु औधोगिक ग्रामको स्थापना | सुर्खेतमा सम्पन्न, जुम्लामा अन्तिम चरणमा रहेको । |
| ८० | जैविक मल उत्पादन उद्योग | स्थानीय तहसँगको साझेदारीमा उद्योग स्थापनाका लागि बजेट रकमान्तर गरिएको (वीरेन्द्रनगर नगरपालिका, सुर्खेत), भेरी नगरपालिका,जाजरकोट) र पञ्चपुरी नगरपालिका, सुर्खेत) |
| ८१ | सीप तथा प्रबिधि हस्तान्तरण कार्यक्रम | सबै जिल्लामा संचालन |
| ८२ | कर्णाली कोशेली घर निर्माण | शिलान्यास भई कार्य अगाडि बढेको (सौगात) |
| ८४ | रोजगारमूलक तालिम संचालन | सिप विकास तथा प्रविधि हस्तान्तरण कार्यक्रम, लक्षित वर्गको लागि उद्यमशील विकास कार्यक्रम संचालन । |
| ८८ | काठ र गैरकाष्ठ वन पैदावारको उत्पादन र आपूर्ति वृद्धि गरिनेछ | संघीय मन्त्रालयद्वारा काठको उत्पादन/ओसारपसार रोक्का आ.व. को वैशाखपछि मात्र कार्य अगाडि बढेको । |
| ९१ | हाइटेक नर्सरीको काम सम्पन्न गर्ने | सुर्खेतमा सम्पन्न/अन्य जिल्लाहरुमा कार्य भइरहेको । |
| ९२/९३ | जडिबुटी खेती विकास र बिस्तार | सबै जिल्लामा कार्यान्वयन भएको । |
| ९४ | भू-क्षय नियन्त्रण र संबेदनशील जलाधार क्षेत्रको संरक्षण/एक वडा एक पोखरी कार्यक्रम | बिषय केन्द्रित भूतथा जलाधार व्यवस्थापन कार्यालयहरु पुनःस्थापना भई कार्य भैरहेको |
| १०१ | सबै जिल्लाका प्रमुख पर्यटकीय गन्तव्य विकास | कार्यान्वयन भइरहेको । |
| १०३ | नमुना मुर्मा गाउँ विकास | विनियोजित २ करोड मध्ये रु.१ करोडको कार्यान्वयन भईरहेको । |

## ७. आर्थिक वर्ष २०७७/७८ को वैशाख सम्ममा सम्पादन भएका महत्वपूर्ण कार्यहरु :

- वातावरण संरक्षण ऐन/नियमावली कार्यान्वयन (प्रदेश) ।
- पर्यटन गुरुयोजना तयार तथा कार्यान्वयन ।
- प्रदेश वन ऐन, २०७६ र प्रदेश पर्यटन ऐन, २०७६ को अन्तिम मस्यौदा संसदमा ।
- प्रदेश उद्योग तथा वाणिज्य ऐन, २०७६ मस्यौदा तयार भएको ।
- उपभोक्ता हित संरक्षण ऐन, २०७६ प्रदेश सभाको सम्बन्धित समितिमा रहेको ।

- बुलबुले गुरुयोजना बमोजिम बुलबुले ताल बिस्तार, संरक्षण तथा उद्यान निर्माण कार्य जारी ।
- कँक्रिबिहार, देउती बज्यै, सडक डिभाइडरमा तारबार सहितको वृक्षारोपण कार्य जारी रहेको ।
- आ.व. २०७७/०७८ को बैशाख मसान्तसम्ममा ७०१०९.३९ क्यु.फिट. काठ, ४६.५८ चट्टा दाउरा उत्पादन भएको ।
- आ.व. को बैशाख मसान्त सम्ममा वन व्यवस्थापनबाट जम्मा रु.२,२२,७०,५१२.६४ राजस्व संकलन भएको ।
- आ.व. को बैशाख मसान्तसम्ममा २० हेक्टर वन अतिक्रमण नियन्त्रण भएको, थप १७ हेक्टरमा नियन्त्रणको प्रक्रिया अगाडि बढाईएको ।
- आ.व. को बैशाख मसान्त सम्ममा १७ वटा वनमा आधारित उद्योग विकास गरिएको (फर्निचर २, जडिबुटी प्रशोधन १५)

## ८. आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा चैत्र मसान्तसम्मको खर्चको यथार्थविवरण

(रु. हजारमा)

| सि. नं. | कार्यालयको नाम | विनियोजितवजेट (रु. हजारमा) | | जम्मा वजेट (रु. हजारमा) | खर्चरकम (रु. हजारमा) | | खर्च वजेट (रु. हजारमा) | हालसम्म को खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पुँजीगत | चालु | | पुँजीगत | चालु | | |
| १ | उद्योग, पर्यटन वन तथा वा तावरण मन्त्रालय | १९८१५० | १८०३९३ | ३७८५४३।०० | १०८५०।०० | ५४७७४।०० | ६५६२४।०० | १७.३४ |
| २ | प्रदेश वन निर्देशनालय | ६१४०० | १६६३२ | ७८०३२।०० | २३०४७।०० | ९४४७।०० | ३२४९४।०० | ४१.६४ |
| ३ | उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | ७०१०० | ३९७२३ | १०९८२३।०० | ९९१७।०० | ८४९२।०० | १८४०९।०० | १६.७६ |
| ४ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ३२००.०० | २२७८८.०० | २५९८८।०० | ९९७।०० | १५९४२।०० | १६९३९।०० | ६५.१८ |
| ५ | डिभिजन वन कार्यालय | ५४०६३८ | ३९८२६३.०० | ९३८९०१।०० | ३५५६४।०० | २४९८३७।०० | २८५४०१।०० | ३०.४० |
| ६ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय | ८१३०० | १५११९४.०० | २३२४९४।०० | १३२९९।०० | ६४५०१।०० | ७७८००।०० | ३३.४६ |
| ७ | मुख्यमन्त्री रोजगार कार्यक्रम (भू संरक्षण लगायत) | १४२००० | १३८००.०० | १५५८००।०० | २२७५५।०० | २६१३।०० | २५३६८।०० | १६.२८ |
| ८ | संघीय सशर्त अनुदान तर्फ | १३४६७४ | १०४१००.०० | २३८७७४।०० | १४२५६।०० | ८४९२।०० | २२७४८।०० | ९.५३ |
| | **पुँजीगत/चालु वजेट (रु. हजारमा)** | १२३१४६२.०० | ९२६८९३.०० | २१५८३५५.०० | १३०६८५.०० | ४१४०९८.०० | ५४४७८३.०० | २५.२४ |



२२

**९. यस आ.व.मा मन्त्रालयबाट उठान भई स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड आदिः**

| क्र.सं. | मन्त्रालयद्वारा उठान भएका कार्यविधि |
|---|---|
| १ | वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ |

| क्र.सं. | मन्त्रालयद्वारा उठान भएका (गठन) आदेश/निर्देशिका/दिग्दर्शन |
|---|---|
| १ | जडिबुटी उत्पादन, खेती बिस्तार तथा उद्यम विकास दिग्दर्शन, २०७७ |

**१०. विद्यमान जनशक्तिको अवस्था :**

स्वीकृत दरबन्दी : ६९१
पदपूर्ति दरबन्दी : ५२४ (करार समेत)
रिक्त दरबन्दी : १६७

**११. मन्त्रालयको सम्पर्क ठेगाना :**

वेवसाईट : http://moitfe.karnali.gov.np
ईमेल : moitfe@karnali.gov.np
फोन : ०८३-५२५२८८,५२२५१४
फ्याक्स : ०८३-५२०२७१

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## १. पृष्ठभूमिः

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तीन तहको रहेको छ । राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक प्रावधान छ । संविधान बमोजिम संघको एकल अधिकार अनुसूची ५ मा र साझा अधिकार अनुसूची ७ र ९ मा, प्रदेशको एकल अधिकार अनुसूची ६ मा र साझा अधिकार अनुसूची ७ र ९ मा तथा स्थानीय तहको एकल अधिकार अनुसूची ८ मा र साझा अधिकार अनुसूची ९ मा उल्लेखित विषयमा निहित छ । संघ, प्रदेश र स्थानीय तह गरि तीनै तहको निर्वाचन सम्पन्न भए पश्चात नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था अनुरूप नेपाल सरकारको मिति २०७४/१०/१० गतेको निर्णयानुसार सातै प्रदेशमा सात/सात वटा मन्त्रालयहरुको स्थापना गरिएको छ । यसर्थ कर्णाली प्रदेशका सातवटा मन्त्रालयहरु मध्ये **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय** पनि एक हो ।

प्रदेशको कृषि, पशु विकास तथा खाद्य पोषण, गरिबी निवारण, सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, नियमन, समन्वय र सहकार्य गर्ने मुख्य उद्देश्यका साथ यस मन्त्रालयको स्थापना भएको छ।

## २. दीर्घकालीन सोचः

प्रांगारिक कृषिको माध्यमबाट स्वच्छ, स्वस्थ पोषणयुक्त खाद्य र बहुउपयोगी कृषि उपजको उत्पादन गरी आय आर्जन र रोजगारी सिर्जना गर्दै **समृद्ध कर्णाली, सुखारी कर्णालीवासी**को प्रत्याभूति दिने ।

## ३. ध्येयः

प्रांगारिक कृषि प्रणालीको माध्यमबाट कृषि पेशालाई व्यवसायिक, मर्यादित, वातावरणमैत्री र प्रतिस्पर्धी बनाई कृषकहरुको आय वृद्धि गर्ने ।

उल्लेखित लक्ष्य हासिल गर्ने निम्न ३ ओटा मूख्य उद्देश्यहरु रहेका छनः

## ४. रणनीतिक उद्देश्यहरूः

- कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा योगदान र टेवा पुऱ्याउने,
- तुलनात्मक लाभका कृषि उपज प्रवर्द्धन गरी कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउने,
- रैथाने बाली र जैविक विविधताको संरक्षण र सम्वर्द्धन गरी वातावरणमैत्री कृषिको प्रवर्द्धन गर्ने

## ५. कार्यक्षेत्रहरूः

कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्बाट २०७४।११।०६ मा स्वीकृत र २०७४।११।२६ मा पहिलो पटक संशोधन गरिएको प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा व्यवस्था भए अनुरूप भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको देहाय बमोजिमको कार्य जिम्मेवारी निर्धारण गरिएको छः

१. कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
२. कृषि तथा पशुपन्छीजन्य रोग किरा एवं महामारी नियन्त्रण,
३. कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रबर्द्धन,
४. कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार,
५. कृषि तथा पशु रोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन,
६. कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा विउ विजन एवं नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन,
७. प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर,
८. कृषि तथा पशुपन्छी एवं खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवं विकास तथा प्रवर्द्धन, तथ्यांक प्रणालीको व्यवस्थापन र श्रोत संरक्षण,
९. कृषि मल, बिउ, र विषादी आपूर्ति व्यवस्था र नियमन,
१०. कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण,
११. कृषि उपजको न्यूनतम् समर्थन मूल्य कार्यान्वयन,
१२. कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन,
१३. कृषि बजार पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा संचालन
१४. राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,

१५. सामुहिक खेती तथा करार खेतीको कार्यान्वयन र प्रबर्द्धन,
१६. चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,
१७. कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादी र सुक्ष्मपक्षण तत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र विक्री वितरणको अनुमति, अनुगमन र नियमन,
१८. भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नाप-जाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,
१९. निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन,
२०. जग्गा दर्ता, रजिष्ट्रेशन, जग्गा धनी प्रमाण-पूर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
२१. संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नाप नक्सा र अभिलेखको व्यवस्थापन,
२२. नाप नक्साका नियन्त्रण विन्दुहरूको सञ्जाल स्थापना,
२३. क्रमवद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन,
२४. भूमिहीन सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरवा-चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
२५. सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
२६. सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन,
२७. गुठी तथा गुठीजग्गा व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय,
२८. गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन, गरिव घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण,
२९. सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्यांक व्यवस्थापन र अध्ययन अनुसन्धान,
३०. सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन,

३१. सहकारी सम्बन्धमा संघीय, अन्तर प्रादेशिक र स्थानीय तहका संघ-संस्थासँग समन्वय र सहकार्य,

३२. सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन,

३३. जलचर तथा जलीय जीवको संरक्षण, व्यवस्थापन, दिगो उपयोगिता र सोबाट प्राप्त लाभांशको समन्यायिक वितरण सम्बन्धी नीति, ऐन, नियम, मापदण्ड, योजना तर्जुमा र नियमन ।

## ६. आर्थिक बर्ष २०७७।७८को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०७७ चैत्र मसान्त सम्मको प्रगति विवरणः

| बुंदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्त सम्मको प्रगति |
|---|---|---|
| ६४ | कृषि क्षेत्रको उत्पादन एवं उत्पादकत्व बढाउँदै अर्थतन्त्रमा यस क्षेत्रको योगदान वृद्धि गरिनेछ । आधारभूत खाद्य उपजमा आत्मनिर्भरता विकास गर्ने, रैथाने बालीको प्रवर्द्धन गरी कर्णालीको मौलिक पहिचान कायम राख्ने र उच्च मूल्यका निर्यातमूलक कृषि उपजको विकास गरिनेछ । | कृषि क्षेत्रको उत्पादन एवं उत्पादकत्व बढाउँदै अर्थतन्त्रमा यस क्षेत्रको योगदान वृद्धि गर्नका लागि कृषि सामग्री, कृषि प्रविधि, सिंचाई सुविधा, कृषि ऋण, बजारीकरण लगायतका प्रमुख क्षेत्रहरूमा कार्यक्रम केन्द्रित भई कार्यान्वयनमा रहेका छन् । |
| ६५ | हिमाली क्षेत्रमा स्याउ, ओखर, मार्सी धान लगायतका रैथाने बाली, मौरी पालन र पशु पालनमा जोड दिइनेछ । पहाडी क्षेत्रमा खाद्यान्न, सुन्तला, कागती जस्ता फलफूल, तरकारी, पशुपन्छी पालन, अदुवा, टिमुर र बेसार जस्ता मसलाजन्य उत्पादनलाई प्रोत्साहन गरिनेछ । उपत्यका, बेसी र टारमा खाद्यान्न, बेमौसमी तरकारी, आँप, लिची जस्ता फलफूल, दुग्ध उत्पादन र माछा पालन व्यवसायलाई प्राथमिकता दिइनेछ । | जिल्लाबाट कार्यक्रम तर्जुमा गर्दा भौगोलिक बनावट र प्राथमिकतालाई ध्यानमा राखी उच्च हिमाली क्षेत्रमा स्याउ, ओखर, च्याङ्ग्रा, भेंडा र रैथाने बालीको प्रवर्द्धन सम्बन्धी कार्यक्रम कार्यान्वयन गरिएको छ भने मध्य पहाडी क्षेत्रमा सुन्तला जात फलफूल, मसला बाली र तरकारी तथा उपत्यका बेसी र टारमा खाद्यान्न, बेमौसमी तरकारी, आँप, लिची, दुग्ध उत्पादन र माछा पालन व्यवसायलाई प्राथमिकता दिई कार्यक्रम कार्यान्वयन गरिएको छ । |
| ६६ | आगामी आर्थिक वर्षमा प्रदेशभित्र उन्नत जातका फलफूल र पशुनश्ल सुधार कार्यक्रममा विशेष प्राथमिकता दिइनेछ । | उन्नत जातका स्याउ बितरणका लागि इ-बिडिङ गर्दा कुनै पनि फर्म तथा कम्पनीहरु सारभूत रुपमा प्रभावग्रही |

| बुंदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्त सम्मको प्रगति |
|---|---|---|
| | उन्नत जातका स्याउ, ओखर, किवि, सुन्तला र कागती जस्ता फलफूलका विरूवा खरिद र वितरण एवं उन्नत जातका पशुपन्छी खरिद गरी पशुनश्ल सुधार गर्न रू २७ करोड विनियोजन गरिएको । | नदेखिएको हुँदा स्याउ बिरुवा ढुवानी गर्न सकिएन भने करिब १ लाख ओखरका बिरुवाहरु टर्कीबाट आयत गरि वितरण गरिएको छ । |
| ६७ | कृषि उत्पादन वृद्धिका लागि संघ र स्थानीय तहसँगको सहकार्यमा **"एक स्थानीय तह, एक उत्पादन"** विशेष कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि रू २७ करोड ६५ लाख विनियोजन गरिएको । | स्थानीय तहसँग सहकार्यमा उत्पादन विशेष कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कर्णाली प्रदेशका सबै ७९ वटै स्थानीय तहसँग कृषिमा रू १५ लाख र पशुसेवामा २० लाखका दरले वजेट छुट्याई **"एक स्थानीय तह, एक-एक उत्पादन"** विशेष कार्यक्रम सञ्चालन गरिएको छ । |
| ६८ | **"मेरो किसान मेरो अन्नदाता"** कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषकलाई प्रोत्साहन, कृषिमा श्रम परिचालन र आधुनिकीकरणको माध्यमबाट यस क्षेत्रलाई व्यावसायिक बनाउँदै लगिनेछ । उल्लेखित कार्यक्रमका लागि रू ८ करोड विनियोजन गरिएको । | **"मेरो किसान मेरो अन्नदाता"** कार्यक्रमलाई विगतका बर्षहरूमा झैं सञ्चालन गरिएको छ । कृषकलाई प्रोत्साहन गर्नेगरि प्रस्तावना लेखनमा आधारित अनुदान प्रवाहलाई क्रमशः घटाउँदै किसान लक्षित कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने नीतिलाई अङ्गिकार गर्दै लगिएको छ । |
| ६९ | कृषकलाई ब्याज अनुदान सहुलियत कर्जा, कृषि सामग्री, बिऊ बेर्ना, कृषि वीमा र न्यूनतम् समर्थन मूल्यको व्यवस्था गरिनेछ । यस क्षेत्रको विकासका लागि सहकारी, सामुदायिक र निजी फार्मलाई प्रोत्साहन गरिनेछ । | बैंक र प्रदेश स्तरीय सहकारी मार्फत व्यावसायिक कृषकहरूलाई ब्याज अनुदान उपलब्ध गराउनेगरि कार्यविधि स्वीकृत गराई कार्यान्वयनमा रहेको र बैंकहरूबाट हालसम्म करिब १५ करोड ऋण परिचालन भई ब्याज अनुदान पनि भुक्तानी भइसकेको छ । |
| ७० | कृषि क्षेत्रको विकासका लागि अर्गानिक उत्पादन प्रोत्साहन, स्रोत केन्द्रको विकास, पकेट क्षेत्र प्रवर्द्धन र सामुदायिक बीऊ बैंक कार्यक्रम सञ्चालन गरिनेछ । नमूनाको रूपमा केही बस्तुहरूको उत्पादन | अर्गानिक उत्पादनलाई प्रोत्साहन गर्नेगरि कार्यक्रम तर्जुमा गरिएको र जिल्लामा स्रोत केन्द्र विकासका लागि जिल्लाको सम्भाव्यताको आधारमा बाख्रा, भैंसी, चौंरी, माछा लगायतका बालीवस्तुहरूको श्रोत |

| बुंदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्त सम्मको प्रगति |
|---|---|---|
| | परिमाणमा आधारित प्रोत्साहन अनुदान उपलव्ध गराइनेछ । यस कार्यक्रमका लागि पर्याप्त रकम बिनियोजन गरिनेछ । | केन्द्र स्थापना निर्माण चरणमा छन् । |
| ७१ | बीऊ बिजन, खाद्यान्न, पशुपन्छी, फलफूल, तरकारी लगायतका नमूना उत्पादन गर्न र त्यसको प्रदर्शन प्रभाव समेत पार्ने गरी संघ र स्थानीय तहसँगको समन्वयमा ठूला कृषि फार्म स्थापना र सञ्चालन सम्बन्धी अध्ययन गरिनेछ । | कृषि तथा वन विज्ञान विश्वविद्यालयसँग मन्त्रालयले उत्पादन पकेट र यस्को सम्भाव्यता अध्ययनको लागि सम्झौता गरि तथ्याङ्क सङ्कलनको लागि स्थलगत अध्ययन सकिएको र प्रतिवेदन पनि प्राप्त भइसकेको छ । |
| ७२ | कृषिमा उत्पादकत्व बढाउनका लागि नियमित सिंचाई सुविधा उपलव्ध गराउन रोजगारमूलक साना सिंचाई कार्यक्रम सञ्चालनका लागि रू ३५ करोड विनियोजन गरिएको । | जिल्लामा छनौट गरिएका साना सिंचाई आयोजनाहरूको सम्भाव्यता अध्ययन, लागत इष्टिमेट गरी उपभोक्ता समितिहरूसँग सम्झौता गरि निर्माणको चरणमा रहेका र केही सिंचाई आयोजनाहरूको अन्तिम भुक्तानीसमेत हुँदै गरेको छ । |
| ७३ | निजी तथा सहकारी क्षेत्रबाट उत्पादन हुने दाना, ह्याचरी, अर्गानिक मल र जैविक विषादीमा सहयोग गरिनेछ । कृषि सहकारीलाई चिस्यान केन्द्र, कृषि औजार निर्माण, कृषि उपजको प्रशोधन र बजारीकरणमा लागत साझेदारी गरि प्रोत्साहन गरिनेछ । | लागत साझेदारीमा दाना उद्योग, चिस्यान केन्द्र, कृषि औजार, प्रशोधन केन्द्र र बजारीकरण सम्बन्धी क्रियाकलापहरू सञ्चालनमा रहेका छन् । |
| ७४ | प्रदेशको भू-उपयोग सम्बन्धी नीति, कानून र गुरूयोजना तर्जुमा गरिनेछ । खेतीयोग्य बाँझो जमिनको उत्पादनमूलक प्रयोग, चक्लाबन्दी, सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ । भूमिको बैज्ञानिक व्यवस्थापनका लागि भूमि बैंक सम्बन्धी कानूनी आधार तयार गरिनेछ । | UNDP सगँको समन्वयमा जोखिम सबेदनशील भू- उपयोग गुरु योजना तयारी प्रक्रियामा रहेको छ । साथै कृषि बिकास कार्यालयहरु मार्फत चक्लाबन्दी खेतीका कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । |
| ७५ | गुठी एवं ऐलानी जग्गा, सुकुम्बासी, अव्यवस्थित बसोबास र द्वन्दकालमा भएको | |

| बुंदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्त सम्मको प्रगति |
|---|---|---|
| | जमिनको किनबेचको समस्या समाधानका लागि संघ र स्थानीय तहसँग समन्वय गरिनेछ । भूमि सम्बन्धी वैज्ञानिक अभिलेख व्यवस्थापनका लागि उचित सहयोग गरिनेछ। | |
| ७६ | भूमि तथा कृषि विकास लगायतका उपरोक्त कार्यक्रम सञ्चालनका लागि रू २ अर्व ७० करोड विनियोजन गरिएको । | रू २ अर्व ७० करोड बजेट बरावरको कार्यक्रम तर्जुमा गरी मन्त्रालय र अन्तर्गतका २५ वटा गरी कूल २६ वटा निकायहरूबाट भूमि तथा कृषि विकाससँग सम्बन्धित कार्यक्रम सञ्चालन भइरहेको छ । |
| ८० | कर्णाली प्रदेशलाई अर्गानिक प्रदेशको रूपमा विकास गर्न जैविक मल र जैविक विषादी कारखाना स्थापनाको लागि रू २ करोड विनियोजन गरिएको । | लागत साझेदारीमा निजि कम्पनीमार्फत जैबिक मल तथा बिषादी कारखाना निर्माणको लागि हालसम्म लगानीकर्ताहरु आउन नसकेका । |
| ८५ | प्रदेशभित्र उत्पादन तथा विक्री वितरण हुने प्रमुख पहिचानजन्य उत्पादनको बजारीकरणका लागि **कर्णाली ब्राण्ड**को प्रवर्द्धन गरिनेछ । | प्रमुख पहिचानजन्य उत्पादनको बजारीकरणका लागि **कर्णाली ब्राण्ड**को प्रवर्द्धनका लागि लोगो डिजाइन गरिदैछ। |
| १०६ | प्रदेशको आर्थिक, सामाजिक विकासका लागि सहकारी क्षेत्रलाई परिचालन गरिनेछ । सहकारीको माध्यमबाट कृषि, लघुउद्यम, प्रविधिको विकास र बचत प्रोत्साहन गरी पूँजी परिचालन गरिनेछ । स्ववृद्धि प्रारूप समेतको माध्यमबाट सहकारीमार्फत रोजगारी र आयआर्जन वृद्धि गरिनेछ । सहकारीको माध्यमबाट कृषि उपजको सहज बजार पहुँचलाई प्रोत्साहन गरिनेछ । | सहकारी मार्फत बीऊ पूँजी कोष सहयोग तथा उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालनमा भएका छन् । |
| १०७ | **"एक सहकारी एक उत्पादन"** कार्यक्रम सञ्चालन गरिनेछ । सहकारीको माध्यमबाट उत्पादन, संकलन, भण्डारण र वितरणलाई प्रोत्साहन गरिनेछ । | |

| बुंदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्त सम्मको प्रगति |
|---|---|---|
| १०८ | कृषि तथा श्रम सहकारीलाई विशेष महत्व दिंदै सहकारी नियमन प्रणालीलाई प्रभावकारी बनाइनेछ । | सहकारी नियमावली तयारीका लागि कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई संशोधन गर्न बनेको बिधेयक प्रदेश मन्त्रिपरिषद्मा पेश भएको । |

## ७. आर्थिक बर्ष २०७७।७८ को बैशाख मसान्तसम्ममा सम्पादन भएका महत्वपूर्ण कार्यहरूः

### ७.१ व्यावसायिक कृषकहरूलाई ब्याज अनुदान कार्यक्रमः

रा.बा.बैंक र कृषि विकास बैंकसँग सम्झैता गरि हाल सम्म करिब १५ करोड रुपैयाँ बैंक मार्फत लगानी भई ब्याज समेत भुक्तानि भइसकेको छ, भने सहकारीमार्फत ब्याज अनुदान प्रवाहको लागि सहकारी छनौट भई कार्यान्वयन चरणमा छन् ।

### ७.२ व्यवस्थापन सूचना प्रणाली निर्माणः

सफ्टवेयर विकास गरि सूचना प्रविष्ट गर्न सुरू गरिएको छ ।

### ७.३ हरेक गोठ प्रांगारिक मलको श्रोत कार्यक्रमः

प्रांगारिक मल उत्पादन र उपयोगका कार्यक्रमहरू सञ्चालन भइरहेको छ ।

### ७.४ स्रोतमा सहुलियत (प्रागारिक मल, जैबिक विषादी, विउ, बेर्ना, नश्ल, माछा भुरा आदिको मूल्यमा सहुलियत):

जिल्लाहरूमा स्रोतमा सहुलियत प्रदान गर्ने कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

### ७.५ साना तथा मझौला सिंचाई आयोजनाः

जिल्लाहरूमा साना सिंचाई कार्यक्रम सञ्चालन भइरहेको छ । प्राविधिक लगत इष्टिमेट तयार पार्ने, सम्झौता गर्ने र सम्पन्न आयोजनाहरूको अनुगमन गरि भुक्तानि दिने कार्य भइरहेको छ ।

### ७.६ उन्नत जातको विरूवा वितरणः

उच्च घनत्वका लागि उपयुक्त हुने स्याउका जातहरूको लागि २ पटकसम्म इ-बिडिङ गर्दा कुनै पनि फर्म तथा कम्पनी सारभूत रुपमा सफल नभएको हुँदा बिरुवा ल्याउन सकिएन भने ओखरका विरूवाको आयात भई कृषि विकास कार्यालयहरूबाट विरूवाको बितरण भइसकेको छ ।

### ७.७ साझेदारीमा आधारित एक स्थानीय तह (कृषि पशुसेवा) एक बाली उत्पादन विशेष कार्यक्रमः

स्थानीय तहसँग समन्वय गरी जिल्लाहरूमा कार्यान्वयन प्रकृया अघि वढाइएको छ ।

### ७.८ स्रोत केन्द्र स्थापना (भेडा, बाख्रा, भैंसी, माछा, चौरी, च्याङ्ग्रा, मौरी, घाँसको विउ):

जिल्लाहरूमा कार्यक्रम सञ्चालन भइरहेको छ । डोल्पाको चौंरी स्रोत केन्द्र स्थापनाका लागि प्रारम्भिक वातावरणीय परीक्षणको लागि कार्य विवरण स्वीकृत भई कार्य अघि बढेको छ ।

### ७.९ चक्लाबन्दी कार्यक्रमः

जिल्लाहरूमा चक्लाबन्दी कार्यक्रम सञ्चालन भइरहेको छ ।

## ८. आर्थिक बर्ष २०७६।७७ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

**क. जम्मा खर्च** (रू हजारमा)

| ब.उ.शि.नं | मन्त्रालय/ कार्यालय/निकाय | खुद बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११ कर्णाली प्रदेश वित्तीय समानीकरण कार्यक्रम प्रदेश सरकार | मन्त्रालय र अन्तर्गतका निकाय गरी जम्मा २६ वटा निकायहरूको बजेट | २७४६३५६ | २१०२६६१ | ७६.५६ |
| ३१२००१२० संघ सशर्त अनुदान कार्यक्रम (PMAMP) | | ५३६७०० | ४५८७०० | ८५.४७ |
| ३१२००१२० संघ सशर्त अनुदान कार्यक्रम (अर्गानिक मिशन कार्यक्रम) | | १४०००० | ७५०३५ | ५३.६० |
| ३१२००१२० सशर्त अनुदान (कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम) | | १००० | ५०० | ५०.०० |
| **जम्मा** | | **३४२४०५६** | **२६३६८९६.१९** | **७७.०१** |

## ख. चालु खर्च (रू हजारमा)

| ब.उ.शि.नं | मन्त्रालय/कार्यालय/ निकाय | खुद बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११ कर्णाली प्रदेश वित्तीय समानीकरण कार्यक्रम प्रदेश सरकार | मन्त्रालय र अन्तर्गतका निकाय गरी जम्मा २६ वटा निकायहरूको बजेट | १५९७०७० | ११३५३२० | ७१.०८ |
| ३१२००१२० संघ सशर्त अनुदान कार्यक्रम (PMAMP) | | ५३६७०० | ४५८७०० | ८५.४७ |
| ३१२००१२० संघ सशर्त अनुदान कार्यक्रम (अर्गानिक मिशन कार्यक्रम) | | १४०००० | ७५०३५ | ५३.६० |
| ३१२००१२० सशर्त अनुदान (कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम) | | १००० | ५०० | ५०.०० |
| **जम्मा** | | २२७४७७० | १६६९५५५.१९ | ७३.३९ |

## ग. पूँजीगत खर्च (रू हजारमा)

| ब.उ.शि.नं | मन्त्रालय/कार्यालय/ निकाय | खुद बजेट (रू) | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११ कर्णाली प्रदेश वित्तीय समानीकरण कार्यक्रम प्रदेश सरकार | मन्त्रालय र अन्तर्गतका निकाय गरी जम्मा २६ वटा निकायहरूको बजेट | ११४९२८६ | ९६७३४१ | ८४.१७ |
| ३१२००१२० संघ सशर्त अनुदान कार्यक्रम (PMAMP) | | ० | ० | ० |
| ३१२००१२० संघ सशर्त अनुदान कार्यक्रम (अर्गानिक मिशन कार्यक्रम) | | ० | ० | ० |
| ३१२००१२० सशर्त अनुदान (कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम) | | ० | ० | ० |
| **जम्मा** | | ११४९२८६ | ९६७३४१ | ८४.१७ |

## ९. आर्थिक बर्ष २०७७।७८ मा विनियोजित बजेट तथा २०७७ बैशाख मसान्तसम्मको खर्चको प्रगति अवस्थाः

### क.चालु खर्च

(रू. हजारमा)

| ब.उ.शि.नं | मन्त्रालय/कार्यालय/ निकाय | खुद बजेट (रू) | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११<br>कर्णाली प्रदेश वित्तीय समानीकरण कार्यक्रम प्रदेश सरकार | १. मन्त्रालय<br>२. निर्देशनालय (२)<br>३. एकीकृत कृषि प्रयोगशाला<br>४. कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र<br>५. भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रार कार्यालय<br>६. कृषि विकास कार्यालय(९)<br>७. पशु अस्पताल तथा पशुसेवा कार्यालय(९)<br>८. बागवानी विकास केन्द्र(२) | १३५६१६७.०० | ४४७५३५ | ३२ |
| ३१२००१०१<br>कर्णाली प्रदेश वित्तीय समानीकरण कार्यक्रम मुख्यमन्त्री रोजगार कार्यक्रम | | ५०००००.०० | २२५००० | ४५ |
| ३१२००१२०<br>संघ सशर्त अनुदान कार्यक्रम (PMAMP) कार्यक्रम | | २११९००.०० | ११६५४५ | ५५ |
| ३१२००१२०<br>संघ सशर्त अनुदान कार्यक्रम (अर्गानिक मिसन कार्यक्रम) | | ८९६५०.०० | ३१३७७ | ३५ |
| ३१२००१२०<br>संघ सशर्त अनुदान कार्यक्रम (रैथाने बाली प्रवर्द्धन कार्यक्रम) | | ४५००.०० | १२६० | २८ |
| **जम्मा** | | **२१६२२१७.००** | **११२१७१७** | **५१.८७** |

### ख. पुँजीगत खर्च

(रू हजारमा)

| ब.उ.शि.नं | मन्त्रालय/ कार्यालय/ निकाय | बजेट (रू) | खुद खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११<br>कर्णाली प्रदेश वित्तीय समानीकरण कार्यक्रम प्रदेश सरकार | १. मन्त्रालय<br>२. निर्देशनालय (२)<br>३. एकीकृत कृषि प्रयोगशाला<br>४. कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र<br>५. भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रार कार्यालय | २१३३४५.०० | ३३८६८ | १५.८७ |
| ३१२००१०१<br>कर्णाली प्रदेश वित्तीय समानीकरण कार्यक्रम मुख्यमन्त्री रोजगार कार्यक्रम | | ३१६०००.०० | १५५६४२ | ४९.२५ |
| ३१२००१२०<br>संघ सशर्त अनुदान कार्यक्रम (PMAMP) कार्यक्रम | | ०.०० | | |

| ब.उ.शि.नं | मन्त्रालय/ कार्यालय/ निकाय | बजेट (रू) | खुद खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| ३१२००१२० संघ सशर्त अनुदान कार्यक्रम (अर्गानिक मिसन कार्यक्रम) | ६. कृषि विकास कार्यालय(९)<br>७. पशु अस्पताल तथा पशुसेवा कार्यालय(९)<br>८. बागवानी विकास केन्द्र(२) | १०३५०.०० | १५५० | १४.९७ |
| ३१२००१२० संघ सशर्त अनुदान कार्यक्रम (रैथाने वाली प्रवर्द्धन कार्यक्रम) | | ०.०० | ० | |
| **जम्मा** | | **५३९६९५.००** | **१९१०६०** | **३५.४०** |

## १०. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्यः

| सूचक | एकाई | आ.व.२०७६/७७ सम्मको वास्तविक उपलब्धि | आ.व.२०७७/७८ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| प्रमुख खाद्यान्न बालीको उत्पादन परिमाण | मे.टन | ३१० | ३२४ | ५८० | ६०० | ६२० |
| प्रमुख अन्न बालीहरुको उत्पादकत्व | मे.टन/हे | २.०१ | २.०२ | २.७ | ३ | ३.२ |
| प्रमुख तरकारीहरुको उत्पादकत्व | मे.टन/हे | ९.१ | ९.३१ | ११.५ | ११.६ | ११.८० |
| कृषि कार्यमा उपयोग भएको भूमि | प्रतिशत | ७२.४५ | ७२.४८ | ७३.५ | ७४ | ७५ |
| मासु उत्पादन वृद्धि दर | प्रतिशत | ४.६९ | ४.७४ | ५.९१ | ६.५२ | ७.१३ |
| शित भण्डार (१०० टन क्षमता भन्दा बढि) | संख्या | २ | ३ | ५ | ७ | ८ |
| दुध उत्पादन वृद्धि दर | प्रतिशत | ३.३९ | ४.१ | ७.५७ | ९.६६ | ११.७५ |

## ११. मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित विषयको लक्ष्य र प्रगतिः

| क्र.सं. | विवरण | इकाइ | लक्ष्य | प्रगति | हालसम्मको अवस्था |
|---|---|---|---|---|---|
| १ | भू-उपयोग नीति, कानून र गुरू योजनाका साथै भूमि समस्या समाधानका निम्ति गठन आदेशबाट पारित भूमि समिति गठन तथा सञ्चालन | संख्या | १ | १ | |
| २ | भूमि बैंक स्थापना | संख्या | १ | ० | |
| ३ | अर्गानिक कृषि क्षेत्रको वर्गीकरण | पालिका | ४२ | ४२ | ४२ वटा पालिकाको अर्गानिक कृषि क्षेत्रको बर्गीकरण प्रतिबेदन तयार भएको । |
| ४ | व्यावसायिक कृषकहरूलाई ब्याज अनुदान | पटक | १ | चालु | हालसम्म २०२ जनालाई १५ करोड बराबरको बैंकबाट ऋण लगानी भई ४० लाख बराबर ब्याज अनुदान भुक्तानी भएको। |
| ५ | इपिडेमियोलोजिकल रिपोर्टिङ्ग व्यवस्थापन कार्यक्रम | पटक | १ | १ | चौमासिक रुपमा भएको । |
| ६ | भू-उपयोग सूचनाको डिजिटाइजेशन | पटक | १ | ० | |
| ७ | कोभिड-१९ बाट प्रभावित कृषि तथा पशुपन्छी क्षेत्रमा युवाहरूको संलग्नता तथा प्रभाव अध्ययन | पटक | १ | १ | अध्ययन सम्पन्न भई प्रतिवेदन प्राप्त भएको । |
| ८ | साझेदारीमा आधारित एक स्थानीय तह (कृषि तथा पशुसेवा) एक बाली उत्पादन विशेष कार्यक्रम | संख्या | ७९ | ७९ | कार्यक्रम भइरहेको । |
| ९ | नविनतम् प्रविधिमा आधारित कृषि बाली वस्तुको प्रवर्द्धन कार्यक्रम | पटक | १ | १ | कार्यक्रम भइरहेको |
| १० | बिऊ बाली खेत निरीक्षण कार्यक्रम | पटक | आ अ | आ अ | आवश्यकता अनुसार फिल्डमा बिऊ बाली खेत निरीक्षण कार्य भइरहेको |
| ११ | बिऊ नमूना परीक्षण | पटक | आ अ | आ अ | आवश्यकता अनुसार बिऊ उत्पादन कार्यमा संलग्न कृषकहरूको बिऊ नमूना परीक्षण कार्य भइरहेको |

| क.सं. | विवरण | इकाइ | लक्ष्य | प्रगति | हालसम्मको अवस्था |
|---|---|---|---|---|---|
| १२ | घुम्ती माटो परीक्षण शिविर | पटक | आ अ | आ अ | माटो परीक्षण कार्य भइरहेको |
| १३ | सहकारी सचेतना तथा पूर्व सहकारी शिक्षा तालिम | पटक | | | |
| १४ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | पटक | १० | १० | १० वटै जिल्लामा भइरहेको। |
| १५ | प्रांगारिक मिशन कार्यक्रम | पटक | १० | १० | १० वटै जिल्लामा भइरहेको। |
| १६ | साना सिंचाई कार्यक्रम | संख्या | २४३ | २२९ | निर्माण कार्य भइरहेका । |
| १७ | श्रोतकेन्द्र स्थापना तथा सन्चालन | संख्या | १४ | ११ | निर्माण कार्य भइरहेको । |

## १२. मन्त्रालयबाट उठान भई स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड आदिः

| क.सं | मन्त्रालयद्वारा उठान भई स्वीकृत भएका ऐनहरू |
|---|---|
| १ | कर्णाली प्रदेश सहकारी ऐन, २०७५ |
| २ | कर्णाली प्रदेश प्राङगारिक कृषि ऐन, २०७६ |
| २ | खाद्य उत्पादन अधिकार तथा सम्प्रभुता ऐन, २०७६ |
| **क.सं** | **मन्त्रालयद्वारा उठान भएका बिधेयक** |
| १ | कर्णाली प्रदेश सहकारी ऐन, २०७५ सशोधन गर्न बनेको बिधेयक २०७७ |
| २ | कृषि ब्यबसाय प्रवर्द्धन ऐन, २०७७ गठन गर्न बनेको बिधेयक |
| ३ | जलचर सरक्षण ऐन, २०७६ तयार गर्न बनेको बिधेयक |
| **क.सं** | **मन्त्रालयद्वारा उठान भइ स्वीकृत भएका कार्यविधिहरू** |
| १ | व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायका लागि व्याज अनुदान कार्यविधि, २०७६ |
| २ | भूमि व्यवस्था कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन एकीकृत कार्यविधि, २०७७ |
| ३ | सहकारी मार्फत व्याज अनुदान कार्यविधि, २०७७ |
| ४ | आय आर्जन कार्यक्रम सञ्चालन गर्नका लागि बिउ पूँजि उपलब्ध गराउने निर्देशिका, २०७७ |
| **क.सं** | **मन्त्रालयद्वारा उठान भएका गठन आदेश/निर्देशिका** |
| १ | कर्णाली प्रदेश भूमि समस्या तथा व्यवस्थापन सुझाव समिति गठन आदेश, २०७५ |
| २ | भूमि व्यवस्था कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम संचालन तथा व्यवस्थापन मापदण्ड, २०७७ |

## १४. कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणः

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति | लागत रू.हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| ३१२०००११ कर्णाली प्रदेश वित्तीय समानीकरण कार्यक्रम प्रदेश सरकार | पकेट प्याकेज कार्यक्रम, सहकारी नमुना गाउँ, प्राङ्गारिक मोडल कार्यक्रम आदि। अनुदानमा फलफूल का बिरुवा वितरण, सेलार स्टोर निर्माण, पशु वधस्थल र वधशाला निर्माण आदि । | सङ्घीय सरकारको नीति तथा उद्देश्य अनुरुप कृषि र पशुपन्क्षी माध्यमबाट गरिबी निवारणमा टेवा पुऱ्याउने | २०७४/ ०७५ | १५६९५१२ | कृषि तथा पशुपन्क्षी अन्तर्गतका मुख्य-मुख्य बाली वस्तुहरूको उत्पादन र उत्पादकत्वमा वृद्धि । |
| ३१२००१०१ कर्णाली प्रदेश वित्तीय समानीकरण कार्यक्रम मुख्यमन्त्री रोजगार कार्यक्रम | कृषि सिँचाई कार्यक्रम लक्षित बर्ग बिशेष कार्यक्रम एक पालिका एक कृषि र पशुपन्छी पकेट कार्यक्रम | कृषि बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने | २०७४/ ०७५ | ८१६००० | सिचाई क्षेत्रफल बिस्तार भइ उत्पादन तथा उत्पादकत्व वृद्धि । |
| ३१२००१२० संघ सशर्त अनुदान कार्यक्रम (PMAMP) कार्यक्रम | कृषि तथा पशुपन्छी जन्य कृषि उपजहरुको पकेट/ब्लक/जोन तथा सुपर जोन उत्पादन कार्यक्रम | कृषि ब्यबसायिकरण गर्ने | २०७४/ ०७५ | २११९०० | कृषि र पशु बस्तुहरुको ब्यबसायीकरण । |
| ३१२००१२० संघ सशर्त अनुदान कार्यक्रम (अर्गानिक मिसन कार्यक्रम) | प्राङ्गारिक कृषि बस्तुहरुको उत्पादन तथा बजारीकरण | रैथाने बाली उत्पादन तथा सरक्षण गर्ने | २०७४/ ०७५ | १००००० | अर्गानिक कृषि बस्तुहरुको उत्पादन तथा बजारीकरण । |
| ३१२००१२० संघ सशर्त अनुदान कार्यक्रम (रैथाने बाली प्रवर्द्धन कार्यक्रम) | रैथाने बालीहरुको उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | | २०७६/ ०७६ | ४५०० | रैथाने बालीहरुको उत्पादन तथा सरक्षण । |

## १५. विद्यमान जनशक्तिको अवस्थाः

क. स्वीकृत दरवन्दीः ३६२

ख. पदपूर्ति दरवन्दीः २७२

ग. रिक्त दरवन्दीः ९०

## १६. मन्त्रालयको सम्पर्क ठेगाना (Website, Email, Telephone, Fax No. आदि)

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर नगरपालिका वडा नं ७ इत्राम, सुर्खेत

फोन नम्बर : ०८३-५२००८२, ५२०२७३, ५२२५९५
इमेल : molmac@karnali.gov.np, molmacp6@gmail.com
वेभसाइट : molmac.karnali.gov.np

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

## १. पृष्ठभूमिः

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तीन तहको रहेको छ। राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक प्रावधान छ। नेपालको संविधान बमोजिम प्रदेशको कार्यक्षेत्र अनुसूची-६, ७ र ९ मा उल्लेखित विषयमा निहित छ। संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको निर्वाचन सम्पन्न भए पश्चात नेपाल सरकारको मिति २०७४ साल माघ १० गतेको निर्णयानुसार कर्णाली प्रदेशमा आन्तरिक मामिला तथा कानून मन्त्रालय सहित सात वटा मन्त्रालयहरुको स्थापना भए बमोजिम साविकको शहरी विकास तथा भवन डिभिजन कार्यालय सुर्खेतको भवनमा मिति २०७४।१०।१९ गते यस मन्त्रालयको स्थापना भएको हो ।

शान्ति सुरक्षा, विपद् व्यवस्थापन, कानून, सञ्चारका क्षेत्रमा नीति, कानून, मापण्ड र योजना तर्जुमा तथा कार्यान्वयन नियमन, सूचना संकलन मूल्याङ्कन र सहजीकरण गर्न क्षेत्राधिकारभित्र रही क्रियाशिल रहेको छ।

## २. दीर्घकालीन सोच :

दिगो र भरपर्दो शान्ति सुरक्षा व्यवस्था, विपद् व्यवस्थापन, सञ्चार क्षेत्रको नियमन, नयाँ स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय गर्ने मन्त्रालयको लक्ष्य रहेको छ।

## ३. ध्येयः

शान्ति सुरक्षा, अमन-चयन, विपद् व्यवस्थापन, सञ्चार क्षेत्रको नियमन विकास गर्ने।

## ४. रणनीतिक उद्देश्यहरु :

- नागरिकको जीउ ज्यान, सम्पत्ति, स्वतन्त्रता र आधारभूत मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने,
- विपद् व्यवस्थापन तथा प्रदेशस्तरीय सञ्चार क्षेत्रको नियमन गर्ने,

## ५. कार्यक्षेत्र :

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम आन्तरिक मामिला तथा कानून मन्त्रालयका कार्य जिम्मेवारीहरु देहायबमोजिम रहेका छनः-

१) प्रदेश शान्ति सुरक्षा र सु-व्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य,

२) अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,

३) संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान-प्रदान र समन्वय,

४) संघीय कानून बमोजिम प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन,

५) प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय,

६) कानून, न्याय तथा प्रदेश सभा मामिला सम्वन्धी,

७) प्रदेश सभामा पेश हुने बिधेयक तर्जुमा र प्रमाणीकरण सम्वन्धी,

८) अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,

९) आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग,

१०) प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी,

११) सामुदायिक प्रहरी,

१२) प्रदेश भित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,

१३) प्रदेश भित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन,

१४) प्रदेश भित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय,

१५) गुनासो र विवाद व्यवस्थापन,

१६) संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन,

१७) फौजदारी कार्यविधि कानूनको कार्यान्वयन,

१८) अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति,

१९) निवारक नजरबन्द र स्थान हद सम्बन्धी,

२०) अन्तर प्रदेश सम्बन्ध,

२१) सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान,

२२) स्थानीय प्रशासनको सन्चालन, व्यवस्थापन र समन्वय,

२३) पारिवारिक मामिला, विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२४) विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र संचालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शाङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

२५) उपाधि, सम्मान तथा विभूषणको सिफारिस,

२६) प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आादिको व्यवस्थापन,

२७) प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनस्थापन सम्वन्धी,

२८) सत्य निरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्वन्धी,

२९) प्रदेशस्तरको विद्युतीय संचार माध्यम संचालन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण,

३०) प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,

३१) प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन,

३२) प्रदेश भित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन,

३३) प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन,

३४) साइवर सुरक्षा अनुगमन,

३५) छापा संचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन,

३६) प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण,

३७) श्रमजीवी सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,

३८) प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी,

३९) केबुल वितरणको इजाजत, नवीकरण र नियमन,

४०) सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
४१) चलचित्र निर्माण,हल संचालन तथा प्रदर्शन अनुमति र नियमन,
४२) अन्य कुनै पनि मन्त्रालयलाई गर्ने भनि स्पष्ट रुपमा नतोकिएको कार्य।
४३) सूर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको मापदण्ड नियन्त्रण तथा नियमन ।

## ६. आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरुको २०७७ चैत्र मसान्तसम्मको प्रगति विवरण :

| बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| १५९ | मानव अधिकारको सर्वमान्य सिद्धान्त र मौलिक हकको संरक्षणका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरिनेछ। | आमसञ्चार तथा प्रतिष्ठान स्थापना, शान्ति अध्ययन र प्रदेश प्रहरी सेवा सम्बन्धी विधेयक तर्जुमा भई प्रदेश सभामा दर्ता भएक । |
| १६० | प्रदेशको एकल अधिकार र साझा अधिकारको विषयमा आवश्यक कानुन तर्जुमा गरिनेछ। | आवश्यकता र औचित्यका आधारमा कानून निर्माण हुने गरेका। |
| १६१ | प्रादेशिक सुरक्षा व्यवस्थाका लागि प्रदेश प्रहरी सम्बन्धी कानून तर्जुमा गरिनेछ। प्रदेश प्रहरीलाई थप दक्ष, जनमैत्री र व्यवसायिक बनाउन प्रहरी तालिम केन्द्र लगायत आवश्यक संरचना र पूर्वाधार विकास गरिनेछ। | प्रदेश प्रहरी सेवा सम्बन्धी विधेयक तर्जुमा भई प्रदेश सभामा दर्ता हुनुका साथै विभिन्न प्रहरी कार्यालयहरुको भवन निर्माण । |
| १६२ | नागरिकको न्यायमा सहज पहुँच कायम गराई कानूनी राज्यको प्रत्याभूति दिन कानूनी सहायता कार्यक्रम सञ्चालन गरिनेछ। | कोभिड-१९ को महामारीको कारण उक्त कार्यक्रम सञ्चालन हुन नसकेको । |
| १६३ | कारागारलाई सुधार गृहको रुपमा विकास गर्दै कैदी बन्दीलाई संघीय सरकारसँगको समन्वय र सहकार्यमा खुला उत्पादन कारागारको माध्यमबाट उत्पादनमूलक क्रियाकलापमा सहभागी बनाइनेछ। | जिल्लास्थित कारागार कार्यालयहरु सुधारको लागि नेपाल सरकारसँग अनुमति माग गरिएको । |
| १६४ | अधिकार प्राप्तिका आन्दोलनमा जीवन उत्सर्ग गर्ने सहिदको सम्झना र सम्मानका लागि यस सम्बन्धी प्रमाण, वस्तु तथा दस्तावेजको संग्रह सहितको शान्ति पार्क निर्माणको कार्य अघि बढाइनेछ। | जुम्ला जिल्लाको गुठीचौर गाउँपालिकामा जग्गा प्राप्तिको कार्य प्रारम्भ भएको । |

| बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| १६५ | नागरिकको सु-सूचित हुने संवैधानिक हकको संरक्षण र प्रवर्द्धनका लागि आमसञ्चार जगतलाई थप व्यवसायिक र मर्यादित बनाउका लागि पत्रकार स्वास्थ्य बीमा र छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइएको । | २३९ जना पत्रकाहरुको स्वास्थ्य बीमा र छात्रवृत्ति कार्यक्रम नियमित कार्यक्रमको रुपमा कार्यान्वयन भएको । |
| १६६ | जनतासँग प्रदेश सरकार कार्यक्रम तथा लोक कल्याणकारी सूचना र विज्ञापन रेडियो तथा अन्य सञ्चार माध्यममार्फत प्रदेशभरी प्रसारण गर्ने व्यवस्था मिलाइनेछ। | प्रदेश स्थित ४१ वटा एफ.एम. रेडियो र छापा माध्यमहरुलाई लोक कल्याणकारी सूचना र विज्ञापन प्रसारणको लागि निर्णय भई भुक्तानीको क्रममा रहेको । |
| १६७ | सूचना प्रविधिको क्षेत्रमा देखिएका नविन आयामलाई सम्बोधन गर्ने गरी डिजिटल कर्णाली गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। सरकारी कार्य सञ्चालनलाई क्रमशः प्रविधिमैत्री बनाइनेछ। | कोभिड-१९ को महामारीको कारण उक्त कार्यक्रम सञ्चालन हुन नसकेको । |
| १६८ | सभ्य कर्णाली समाज निर्माणका लागि कु-संस्कार र लागु औषध दुर्व्यसनीजस्ता विसंगतिलाई निवारण गर्न सामाजिक अभियान सञ्चालन गरिनेछ। कुलतमा लागेका व्यक्तिको सुधार र पुनर्स्थापना विविध कार्यक्रम सञ्चालन गरिनेछ। | कोभिड-१९ को महामारीको कारण उक्त कार्यक्रम सञ्चालन हुन नसकेको । |
| १६९ | नेपाल सरकार र स्थानीय तहसँगको सहकार्यमा विपद् व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। विपद् पूर्व सूचना प्रणालीको विकास गरिनेछ। यसको पूर्व तयारी, प्रतिकार्य, राहत र पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ। | विपद् पूर्व तयारी, प्रतिकार्य, राहत र पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिएको। |
| १७० | विपद् जोखिम व्यवस्थापन कार्ययोजना तयार गरी स्थानीयस्तरमा कार्यान्वयन गरिनेछ। स्ववृद्धि प्रणालीमा आधारित विपद् कोष स्थापना र सञ्चालनमा स्थानीय तहलाई सहयोग गरिनेछ। विपद् जोखिम न्यूनीकरणका लागि सामूहिक दूर्घटना बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ। | जोखिम न्यूनीकरणका लागि सामूहिक दूर्घटना बीमा कार्यक्रम कार्यान्वयनमा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| १७१ | सडक दुर्घटनालाई न्यूनीकरण गर्न सडक सुशासन अभियान सञ्चालन गरिनेछ। गम्भिर सडक दूर्घटनामा परेकालाई जीवन रक्षाका लागि स्थल तथा हवाई माध्यमबाट शीघ्र उद्धार गरी उपचार व्यवस्था गर्न रु. २ करोड विनियोजना गरिएको । | उक्त रकम प्रदेश विपद् कोषमा रकमान्तरको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखि पठाएको। |
| १७२ | बाढी, पहिरो, आगलागी लगायतका प्रकोपबाट पीडित परिवारलाई उचित राहत उपलब्ध गराइनेछ। विपद् उद्धारमा स्वयंसेवी रुपमा सहभागी हुन नागरिकलाई उत्प्रेरित गराउनुका साथै प्रशिक्षण र आवश्यक सामग्री उपलब्ध गराइनेछ। | उक्त कार्यक्रमहरु नियमित रुपमा सञ्चालन भइरहेका छन्। |
| १७३ | सुर्खेत लगायतका जिल्लाका वि.सं. २०७१ सालको बाढी पीडितको आवास निर्माण कार्य सम्पन्न गर्न रु. ५ करोड विनियोजन । | उक्त कार्यक्रम सम्पन्न भएको। |
| १७४ | कर्णाली आकस्मिक कोषमा रु. २ करोड जम्मा गर्ने व्यवस्था मिलाइएको । राहत सहयोग सम्बन्धी कार्यलाई एकद्वारबाट सञ्चालन गर्न नागरिक राहत कोष स्थापना र सञ्चालनका लागि रु. १ करोड विनियोजन गरिएको । | राहत कोष स्थापना र सञ्चालनका लागि रु. १ करोड विपद् कोषकोमा रकमान्तरको लागि लेखि पठाएको। |
| १७५ | उल्लिखित विपद् व्यवस्थापन र पुनर्स्थापनाका कार्यक्रमका लागि कूल रु. १२ करोड २० लाख विनियोजन गरिएको । | उक्त कार्यक्रमहरु नियमित रुपमा सञ्चालन भइरहेका छन्। |

## ७. आर्थिक वर्ष २०७७/७८ को चैत्र मसान्तसम्ममा सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

१. प्रदेश गोदाम घरको बोलपत्र आह्वान भई निर्माण कार्य सुरुवात भएको छ।

२. प्रदेश सुरक्षा रणनीति र मापदण्ड तर्जुमा भई कार्यान्वयनमा रहेको छ।

३. शान्ति तथा पुनर्स्थापना केन्द्र सञ्चालन ऐन, २०७७ तर्जुमा भई प्रदेश सभामा दर्ता भएको।

४. कर्णाली प्रदेश प्रहरी ऐन, २०७७ प्रदेश सभामा दर्ता भएको।

५. कर्णाली सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान ऐन, २०७७ प्रदेश सभामा दर्ता भएको।

६. सामूहिक दूर्घटना बीमा कार्यक्रम अन्तर्गत ३७ जना भन्दा बढीलाई बीमा भुक्तानी भएको छ भने २६ जनाको भुक्तानी क्रममा रहेको छ ।

७. बाढी पीडित पुनर्स्थापना कार्यक्रम अन्तर्गत ५९१ जनाले ३ लाख र १२३ जनालाई १ लाख ५० हजारको दरले राहत प्रदान गरिएको।

## ८. आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरण :

**चालु खर्च** (रू. हजारमा)

| व.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | खुद वजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४३९५२४ | ३११०५८।७३ | ७०.७७ |
| **जम्मा** | | **४३९५२४** | **३११०५८।७३** | **७०.७७** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/कार्यालय/निकाय/ आयोजना | बजेट | खुद खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ३५९२०६ | १५८३७।९७ | ४.४० |
| **जम्मा** | | **३५९२०६** | **१५८३७।९७** | **४.४०** |

| ब.उ.शी.नं. | मन्त्रालय/कार्यालय/ निकाय/आयोजना | कूल बजेट | कुल खुद खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११३/११४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ७९८७३० | ३२६८९६।९० | ४०.९२ |
| **कुल जम्मा** | | **७९८७३०** | **३२६८९६।९०** | **४०.९२** |

९. आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट तथा चैत्र मसान्तसम्मको खर्चको प्रगतिको अवस्था:

**चालु खर्च** (रु.हजारमा)

| व.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | खुद बजेट | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| ३१४००६८०१६ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १२६६०३ | ३२२१० | २५ |
| ३५००२६८०३६ | प्रदेश अस्पताल वीरेन्द्रनगर सुर्खेत | १००० | ० | ० |
| **जम्मा** | | **१२७६०३** | **३२२१०** | **२५** |

**पुँजीगत खर्च** (रु. हजारमा)

| व.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | खुद बजेट | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| ३१४००५९०१६ | जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिम | १६६४० | ९६२२ | ५८ |
| ३१४००६००१६ | जिल्ला प्रहरी कार्यालय सल्यान | ४९२२० | २०६४१ | ४२ |
| ८०१०६६२०३६ | गुठीचौर गाउँपालिका | २००० | | ० |
| ८०१०६६५०५६ | नरहरीनाथ गाउँपालिका | २७५०० | ९७९७ | ३६ |
| ३१४००६६०१६ | जिल्ला प्रहरी कार्यालय जाजरकोट | २४४९३ | ६६७१ | २७ |
| ३१४००६७०१६ | जिल्ला प्रहरी कार्यालय दैलेख | २१३७६ | ५६४७ | २६ |
| ३१४००६८०१६ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १५९४१० | ९३ | ० |
| ३१४००६८०२६ | प्रदेश प्रहरी कार्यालय | ६१४० | ४१९ | ७ |
| ३१४००६८०३६ | जिल्ला प्रहरी कार्यालय सुर्खेत | १४१६९ | ३४६४ | २४ |
| ३१४००६८०४६ | कर्णाली प्रदेश सशस्त्र प्रहरी गण मुख्यालय सुर्खेत | २००० | ४९ | २ |
| ३१४००६८०५६ | नेपाल प्रहरी आवासीय माध्यामिक विद्यालय सुर्खेत | २००० | ४२ | २ |
| ८०१०६६८०१६ | गुर्भाकोट नगरपालिका | १९०० | १९०० | १०० |
| ८०१०६६८०२६ | पचपुरी नगरपालिका | ६७५० | ० | ० |
| ८०१०६६८०३६ | भेरीगगानगरपालिका | १३७०० | ० | ० |

| व.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | खुद बजेट | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| ८०१०६६८०४६ | लेकबेसी नगरपालिका | ६०० | ६०० | १०० |
| ८०१०६६८०५६ | वीरेन्द्रगरनगरपालिका | २२९०० | ० | ० |
| ८०१०६६८०७६ | चौकुनेगाउँपालिका | ६०० | ६०० | १०० |
| ८०१०६६८०८६ | बराहतालगाउँपालिका | ३०५० | ३०५० | १०० |
| **जम्मा** | | **३७४४४८** | **६२५९५** | **१७** |

## १०. मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित विषयको लक्ष्य तथा प्रगति:

| क्र.सं. | विवरण | इकाइ | लक्ष्य | प्रगति | हालसम्मको अवस्था |
|---|---|---|---|---|---|
| १ | विपद् पीडित पुनर्स्थापना कार्यक्रम | वटा | १ | १ | ५९१ जनाले ३ लाख र १२३ जनालाई १ एक लाख ५० हजारको दरले राहत प्रदान गरिएको। |
| २ | विपद् जोखिम विरुद्ध सामूहिक दूर्घटना बीमा | वटा | १ | १ | ३७ जना भन्दा बढीलाई बीमा भुक्तानी भएको छ भने २६ जनाको भुक्तानी क्रममा |
| ३ | विपद् गोदाम घर | वटा | १ | १ | निर्माण भइरहेको। |
| ४ | द्वन्द्व पीडित घाइते उपचार कार्यक्रम | वटा | १ | १ | तीनवटा अस्पतालसँग सम्झौता भई कार्यान्वयन भएको। |
| ५ | जनतासँग प्रदेश सरकार कार्यक्रम उत्पादन तथा प्रसारण | पटक | १० | | प्रदेशस्थित एफ.एम.रेडियो र पत्रिका लाई लोककल्याणकारी सूचना दिने निर्णय भएको । |

## ११. मन्त्रालयबाट उठान भई स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड आदि:

| क्र.सं. | मन्त्रालयद्वारा उठान भएका ऐनहरु |
|---|---|
| १ | शान्ति तथा पुनर्स्थापना केन्द्र सञ्चालन ऐन, २०७७” |
| २ | कर्णाली प्रदेश प्रहरी ऐन, २०७७ |
| ३ | "कर्णाली सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान ऐन,२०७७" |
| ४ | कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ |

| क.सं. | मन्त्रालयद्वारा उठान भएका ऐनहरु |
|---|---|
| ५ | कर्णाली प्रदेश प्रशारण ऐन, २०७५ |
| ६ | कर्णाली प्रदेश सुशासन ऐन, २०७६ |
| **क.सं.** | **मन्त्रालयद्वारा उठान नियमावली** |
| १ | कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ |
| २ | आम सञ्चार नियमावली, २०७६ |
| **क.सं.** | **मन्त्रालयद्वारा उठान कार्यविधि** |
| १ | कर्णाली प्रदेश विपद् व्यवस्थापन कोष सञ्चालन तथा खर्च कार्यविधि,२०७६ |
| २ | विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०७७ |
| ३ | द्वन्द्व पीडित घाइते अपाङ्ग उपचार राहत खर्च कार्यविधि, २०७७ |
| ४ | कर्णाली प्रदेश विपद् पीडित आवास निर्माण सहयोग कार्यविधि,२०७७ |
| **क.सं.** | **मन्त्रालयद्वारा उठान भएका (गठन) आदेश/निर्देशिका** |
| १ | बाढी पहिरो समस्या समाधान गठन आदेश |

## १२. विद्यमान जनशक्तिको अवस्था

- स्वीकृत दरबन्दी : ३८
- पदपूर्ति दरबन्दी : २५ (१५ स्थायी र १० करार)
- रिक्त दरबन्दी : १३

## १३. मन्त्रालयको सम्पर्क ठेगाना (website,Email,Telephone, Fax no आदि)

- मन्त्रालय : आन्तरिक मामिला तथा कानून मन्त्रालय, वीरेन्द्रनगर सुर्खेत, नेपाल
- फोन नं. : ०८३ - ५२५७५०, ५२३०४५
- वेभसाइट : http://moial.karnali.gov.np
- ईमेल : moialkarnali@gmail.com

# भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय

## १. पृष्ठभूमिः

संघीय स्तरमा भौतिक पूर्वाधार तथा यातायात, शहरी विकास, सिंचाई, ऊर्जा, खानेपानी तथा सरसफाई मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग र सो अन्तर्गतका संरचनाहरूबाट सम्पादन हुने कार्यक्रमहरू संघ, प्रदेश र स्थानीय तहबाट सम्पादन हुनुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार प्रदेश स्तरका विद्युत, सिचाई र खानेपानी सेवा, परिवहन, लोकमार्ग, प्रदेश सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र प्रदेश भित्रको जल उपयोग व्यवस्थापन जस्ता विषयहरु प्रदेशको एकल अधिकारको सूचीभित्र समावेश गरिएको छ । साथै संघ र प्रदेशको साझा अधिकारको सूची, संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची, कर्णाली प्रदेश सरकारद्वारा स्वीकृत प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लेखित कार्यहरु यस मन्त्रालयको कार्य जिम्मेवारीमा राखिएको छ । उक्त नियमावली अनुसार प्रदेश स्तरको ऊर्जा, विद्युत, सिचाई, खानेपानी, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन, प्रदेश लोकमार्ग तथा यातायात, प्रदेश स्तरका सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र निर्माण, शहरी विकास योजना तर्जूमा तथा पूर्वाधार निर्माण, सञ्चालन, मर्मतसंभार लगायतका विषयको आवश्यक नीति, कानुन, गुरुयोजना, योजना निर्माण, मापदण्ड तयारी कार्य यस मन्त्रालयद्वारा सम्पादित हुनेछ।भौतिक पूर्वाधारसँग सम्बन्धित योजनाहरुको निर्माण, संचालन, अनुगमन तथा मूल्याङ्कन, मर्मत सम्भार एवम् आवश्यक समन्वय र नियमन, अध्ययन, अनुसन्धान लगायत मार्ग निर्देशनको कार्य यस मन्त्रालयबाट सम्पादन हुन्छन् ।

## २. दीर्घकालीन सोचः

- कृषियोग्य भूमिमा उपयुक्त प्रबिधिबाट दिगो एवम् भरपर्दो सिंचाई सुविधा उपलव्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।
- प्रदेशको प्रचुर जलविद्युत उत्पादन संभावनालाई विकास गरि प्रदेश एवं देशको आर्थिक विकासमा योगदान पुऱ्याउने ।
- सडक पूर्वाधार र यातायातको विकास मार्फत प्रादेशिक बस्तीमा पहुँच अभिवृद्धि गरि आर्थिक समृद्धि हासिल गर्ने ।
- स्वच्छ सुरक्षित र दिगो खानेपानी सेवा तथा सरसफाइ पहुँचबाट जीवनस्तर सुधार गर्ने।
- प्रतिस्पर्धी, सर्वसुलभ, सुरक्षित र वातावरणमैत्री यातायात प्रणालीको विकास र व्यवस्थित शहरीकरण मार्फत दिगो आर्थिक सामाजिक समृद्धि हुने ।

- सुरक्षित र सुविधायुक्त एकीकृत आवास तथा बस्ती विकास, वैकल्पिक/नविकरणीय ऊर्जाको प्रवर्द्धन, विस्तार र दक्षता मार्फत आधुनिक ऊर्जाको दिगो विकास गर्ने ।

## ३. ध्येयः

- उपयुक्त प्रविधि मार्फत् थप कृषियोग्य भूमिमा सिंचाई सेवा बिस्तार गर्ने ।
- सम्पन्न सिंचाई प्रणालीको मर्मत संभार एवम् व्यवस्थापनलाई सुदृढ तुल्याई दिगोपन बढाउने। जलविद्युत एवं सौर्य ऊर्जाको विकास एवं बिस्तार गरी प्रदेशका सबै घरधुरीमा भरपर्दो, गुणस्तरीय विद्युत सेवाको पहुँच सर्वसुलभ रुपमा सुनिश्चित गर्ने ।
- सडक सञ्जालको सन्तुलित विकास तथा बिस्तार गरी कनेक्टिभिटी वृद्धि गर्ने । वातावरणमैत्री, कम खर्चिलो, सुरक्षित र दिगो सडक पूर्वाधारको विकास गरी भरपर्दो यातायात सेवाको उद्देश्य परिपूर्ति मार्फत सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गरी आर्थिक कृयाकलाप बिस्तार गर्ने ।
- संघ र प्रदेशहरु, प्रदेश र प्रदेशहरु, प्रदेश र स्थानीय तहहरु बीचको सडक पूर्वाधार विकासको माध्यमद्वारा पहुँच स्थापना र अभिवृद्धिमार्फत सेवा प्रवाहको गुणस्तर कायम गरी व्यापारिक सम्बन्ध बिस्तार गर्नु ।
- सडक पूर्वाधारको उचित मर्मत संभार र संरक्षण गरी सहज सवारी आवागमनको सुनिश्चितता गर्ने ।
- खानेपानी सेवा र सरसफाइ पहुँचको पर्याप्त र सुरक्षित उपलब्धताबाट जनस्वास्थ्यमा सुधार गर्ने ।
- खानेपानी तथा सरसफाई दिगो सेवा प्रवाहको लागि व्यवस्थापकीय सुधार गर्दै क्षमता अभिवृद्धि गर्ने।
- यातायात सेवालाई प्रतिस्पर्धी, सर्वसुलभ भरपर्दो, सुरक्षित र अनुशासित बनाई आवागमन र ढुवानीलाई सहज बनाउने ।
- विपद् प्रतिरोधी, मानव केन्द्रित, सुरक्षित, आर्थिक रुपमा गतिशील, स्वच्छ, सफा र व्यवस्थित शहर निर्माण गर्ने ।
- शहरको योजना, निर्माण, व्यवस्थापन, सुधार तथा बिस्तारका लागि प्राविधिक क्षमता अभिवृद्धि र शहरी पूर्वाधार सुशासनको संस्थागत विकास गर्ने ।
- सबै आय वर्गकानिम्ति उपयुक्त, सुरक्षित, वातावरणमैत्री, सुविधा सम्पन्न आवास निर्माण गर्ने ।
- खतराजन्य स्थानबाट स्थानान्तरण गर्न बस्ती विकास गर्ने ।
- राष्ट्रिय प्रसारण प्रणालीको पहुँच बाहिरका क्षेत्रमा समेत वातावरणमैत्री, दिगो, भरपर्दो, किफायती र गुणस्तरीय आधुनिक ऊर्जाको पहुँच वृद्धि गर्ने।

- भवन निर्माणमा उपयुक्त आधुनिक प्रविधि र स्थानीय वास्तुकलाको मिश्रणबाट नयाँ निर्माण सामग्रीको  प्रयोग समेतलाई प्रोत्साहन गरी सुरक्षित, टिकाउ सुलभ र किफायती भवनहरुको निर्माण गर्ने ।
- एकीकृत सरकारी भवन डिजाईन, निर्माण, प्रयोग तथा मर्मत-सम्भार सम्बन्धमा एकद्वार नीति सहित भवन क्षेत्रको संस्थागत तथा कानुनी संरचनाको सुधार गर्ने ।

## ४. रणनीतिक उद्देश्यहरुः

- सिंचाई विकासको गुरुयोजना र कृषि विकास रणनीति अनुसार जलवायु परिवर्तन अनुकूलन हुने गरी सिंचाई योजनाहरुको विकास एवम् बिस्तार गर्ने।
- नयाँ प्रविधिमा आधारित सिंचाईको विकास गर्नुका साथै सिंचाई दक्षता वृद्धि गर्ने।
- सिंचाई प्रणालीको मर्मत सम्भार एवम् दिगो व्यवस्थापनका लागि श्रोतसहित उपभोक्ता सहभागिता सुनिश्चित गर्ने।
- राष्ट्रिय ग्रिडबाट विद्युत सेवाको पहुँच बढाउन वितरण प्रणालीको व्यापक बिस्तार गर्ने। प्रदेशमा पहिचान भएका विद्युत आयोजनाहरुबाट उत्पादन हुने विद्युतलाई राष्ट्रिय प्रसारण ग्रिडमा प्रवाह गर्न उपयुक्त पुलिङ्ग हव तथा आन्तरिक प्रसारण लाइनहरु निर्माण गर्ने।
- ठूला जलविद्युत आयोजनाहरु निर्माणका लागि आवश्यक पर्ने लगानी जुटाउन वैदेशिक श्रोतको व्यवस्था गर्न पहल गर्ने ।
- साना तथा मझौला जलविद्युत आयोजनाहरुमा प्रदेश सरकार, स्थानीय जनता एवं स्वदेशी निजी लगानीका लागि पहल गर्ने।
- राष्ट्रिय प्रसारण ग्रिड बिस्तार गरी विद्युत सेवाको पहुँच पुऱ्याउन उपयुक्त नहुने घरधुरीहरुमा सौर्य एवं माइक्रो जलविद्युत आयोजना विकास गर्ने ।
- प्रदेश राजधानीबाट स्थानीय सरकारका केन्द्रहरु, स्थानीय तहका केन्द्रबाट वडा केन्द्रहरु र बस्तीहरुसम्म साविक सडक संजालको स्तर उन्नति र नयाँ सडकको निर्माण तथा बिस्तार गरी कृषि, उद्योग तथा व्यापार, पर्यटन, शिक्षा, स्वास्थ्य र अन्य सरकारी तथा गैर सरकारी क्षेत्रबाट उपलब्ध हुने सेवामा पहुँच अभिवृद्धि गर्ने ।
- सडक पहुँच र आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित बाह्रै महिना संचालन र भरपर्दो यातायात सुविधा बिस्तार गर्ने ।
- आधारभूत खानेपानी सेवा तथा सरसफाई पहुँचबाट वन्चित रहेका समुदायमा खानेपानी सेवा तथा सरसफाइ पहुँच पुऱ्याउने।
- आयोजनाको मर्मत-सम्भार, पुनर्स्थापना तथा सेवास्तर अभिवृद्धि गरि दिगो सेवा उपलब्ध गर्ने। खानेपानी गुणस्तर सुधार गरि प्रशोधित पानी उपलब्ध गराउने। संस्थागत सुदृढीकरण र प्रकृयागत सरलीकरण गर्दै यातायात क्षेत्रमा सुशासन कायम गर्ने ।

- दिगो तथा वातावरणमैत्री सवारी साधनको उपयोगमा जोड दिने । सार्वजनिक यातायातलाई प्रोत्साहन गर्दै निजी तथा सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी एवम् व्यवस्थित गर्ने । विद्यमान शहरको वातावरणीय सुधारका लागि सामाजिक, भौतिक र आर्थिक पूर्वाधारको व्यवस्था गर्ने।
- सुरक्षित र सुविधा सम्पन्न आवास निर्माण गर्ने गरी एकीकृत बस्ती विकास गरि भौगोलिक रुपमा विकट र विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका बस्तीहरुलाई निरुत्साहित गर्ने ।

## ५. कार्यक्षेत्रः

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायानुसार रहेका छन्: प्रदेश स्तरको ऊर्जा, विद्युत, सिचाई, खानेपानी, जल उत्पन्न प्रकोप ) नदी तथा पहिरो (व्यवस्थापन, प्रदेश लोकमार्ग तथा यातायात, प्रदेशस्तरका सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र निर्माण, शहरी विकास योजना तर्जुमा तथा पूर्वाधार निर्माण, सञ्चालन, मर्मतसंभार लगायतका विषयको आवश्यक नीति, कानुन, गुरुयोजना, योजना निर्माण, मापदण्ड तयारी ।

## ६. आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०७७ चैत्र मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| **खानेपानी तथा सरसफाई** | | |
| १३५ | आधारभूत खानेपानी सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्न र गुणस्तर वृद्धि गर्न निर्माणाधिन आयोजनाहरु सम्पन्न गरिनेछ । कर्णाली, भेरी, बबई लगायतका नदी किनाराका बस्तीमा नविन प्रविधिको उपयोग गरी स्वच्छ खानेपानी आपूर्तिको लागि संभाव्यता अध्ययन गरी क्रमश: कार्यान्वयन गरिनेछ । | प्रदेश सरकारवाट सञ्चालित भई सम्पन्न भएका आयोजनाहरुवाट ८९.५ प्रतिशत जनतामा खानेपानी सुविधा पुगेको छ । |
| १३६ | संघ र स्थानीय तहसँगको सहकार्यमा खानेपानी समस्या भएका जिल्ला सदरमुकाम र स्थानीय तहमा स्वच्छ खानेपानीको उपलब्धताको लागि अध्ययन गरी निर्माण कार्य अघि बढाइनेछ । घुम्ती भ्यान पानी परीक्षण प्रयोगशाला तयार गरी सञ्चालनमा ल्याईनेछ । | घुम्ती भ्यान पानी परीक्षण प्रयोगशालाको लागि विस्तृत अध्ययन भइरहेको छ । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| १३७ | आधारभूत सरसफाईको दिगो व्यवस्थापनका लागि स्थानीय तहसँगको सहकार्यमा सार्वजनिक शौचालय निर्माण र ढल व्यवस्थापन गरिनेछ । जैविक प्रविधिको प्रयोग गरी फोहोरमैला व्यवस्थापन र प्रशोधनको अध्ययन कार्य अघि बढाईनेछ । | फोहोरमैला व्यवस्थापनको लागि सम्भाव्यता अध्ययन भइरहेको छ । |
| १३८ | खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रममा रु १ अर्ब ६० करोड विनियोजन गरिएको । | |
| **सडक पूर्वाधार र यातायात सेवा** | | |
| १३९ | कर्णाली प्रदेशमा सुरक्षित, गुणस्तरीय, भरपर्दो सडक पूर्वाधार विकासका लागि एकीकृत गुरुयोजना तयार गरिनेछ । स्वदेशी तथा विदेशी पुँजी परिचालन गरी रणनीतिक महत्वको सुर्खेत-हिल्सा द्रुतमार्ग तथा उत्तर दक्षिण करीडोरहरुको साथै रणनीतिक सडकहरु निर्माण कार्य अघि बढाउन नेपाल सरकारसँग थप समन्वय र सहकार्य गरिनेछ । | गुरुयोजना तर्जुमा भई स्वीकृतिको चरणमा रहेका छन् । सुर्खेत-हिल्सा द्रुतमार्ग तथा उत्तर दक्षिण करीडोरहरुको साथै रणनीतिक सडकहरु निर्माण कार्य हालसम्म हुन सकेको छैन । |
| १४० | प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम जोड्ने रणनीतिक मार्गको स्तरोन्नती र अन्तर प्रदेश सडक निर्माणलाई प्राथमिकता दिईनेछ । विरेन्द्रनगर चक्रपथ निर्माण कार्यमा शिघ्रता ल्याईनेछ । निजी, सहकारी वा सामुदायिक क्षेत्रसँग स्थानीय तहले साझेदारी गरी यातायात सेवा सञ्चालन गर्न प्रहोत्साहित गरिनेछ । | विरेन्द्रनगर चक्रपथ निर्माणको लागि DPR तयार भइरहेको छ । |
| १४१ | प्रदेश सरकारबाट सञ्चालित लोकप्रिय जनता सडक कार्यक्रमलाई निरन्तरता दिईएको छ । यस कार्यक्रम अन्तर्गतका निर्माणाधिन आयोजना समयमै सम्पन्न गर्न रु १ अर्ब ४२ करोड बजेट विनियोजन गरिएको । | जनता सडक कार्यक्रम जिल्ला स्थित पूर्वाधार विकास कार्यालय हरुवाट कार्यान्वयनमा रहेका छन् । |
| १४२ | स्थानीय तहको केन्द्रदेखि जिल्ला सदरमुकामसम्म सडक पहुँच नभएका स्थानमा सडक निर्माणलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न रु १५ करोड विनियोजन गरिएको। | हालसम्म कार्यान्वयन नभएको । |
| १४३ | जनताको आवत-जावतलाई सहज बनाउन मोटर पुल र झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइएको । | हालसम्म ११ वटा मोटरेवल पुल तथा १७ वटा झोलुङ्गे पुल निर्माणको चरणमा रहेका छन् । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
